## जिल्ला विकास समिति महासंघ नेपालको

# तीन-बषीर्य रणनैतिक योजना

(आ.व. २०६६/६७–२०६९/७०)


**तयार गर्ने**

**जिल्ला विकास समिति महासंघ नेपाल**

**सानेपा, ललितपुर**

**नेपाल**

| | |
|---|---|
| दस्तावेज | जिल्ला विकास समिति महासंघको<br>**तीन-बर्षीय रणनैतिक योजना**<br>आ.व. २०६७/६८–२०६९/७० |
| तयार गर्ने | जिल्ला विकास समिति महासंघ नेपाल |
| तयार मिति | २०६७ श्रावण |
| परामर्शदाता | श्री उद्दव कोइराला |
| लेखन तथा सम्पादन | श्री दयासागर श्रेष्ठ |

सर्वाधिकार© जिविस महासंघ नेपाल


ठेगाना

| | |
|---|---|
| स्थान | सानेपा मोड, ललितपुर, नेपाल |
| पो.ब.न. | १२०२२, काठमाण्डौं |
| टेलिफोन | ०९७७–०१–५५५४०८१, ५५२९२०२ |
| फ्याक्स | ०९७७–५५४८४६९ |
| इमेल | addcn@addcn.org.np |
| वेवसाइट | www.addcn.org.np |

# बिषयसूची

**भाग १ परिचय**

१.१ पृष्ठभूमी

१.२ योजना तर्जुमाको उद्देश्य

१.३ योजना तर्जुमा पद्धति र विधि

१.४ सीमा

**भाग २ बस्तुस्थिति विश्लेषण**

२.१ वातावरणीय पक्ष

२.२ आन्तरिक पक्ष

२.२.१ सबल पक्षहरु

२.२.२ चुनौती तथा सवालहरु

२.२.३ अवसर र संभावनाहरु

२.२.४ संभावित चुनौती र समस्याहरु

**भाग ३ रणनैतिक योजना**

३.१ दीर्घकालिन दृष्टिकोण (Vision)

३.२ ध्येय (Mission)

३.३ लक्ष (Goal)

३.४ उद्देश्यहरु (Objectives)

३.५ रणनीतिहरु (Strategies)

३.६ मुख्य कार्यक्रमहरु

**भाग ४ प्राथमिक कार्यहरु**

**भाग ५ कार्यान्वयन**

**भाग ६ बजेटका श्रोतहरु, सहयोगी निकायहरु र परिचालन**

**भाग ७ अनुगमन तथा मूल्यांकन प्रणाली**

भाग १
परिचय

## १.१ पृष्ठभूमी

२०४६ को जनआन्दोलनपछि नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको थालनी भएको हो । लामो समयदेखि नेपालमा दुइतहको स्थानीय निकायहरु रही आएका छन् । जिल्लास्तरमा जिल्ला विकास समितिहरु रहने व्यवस्था छ भने तल्लोतहको स्थानीय सरकारको रुपमा गाउँस्तरमा गाउँ विकास समितिहरु र नगरस्तरमा नगरपालिकाहरु रहने व्यवस्था छ । हाल नेपालमा ७५ जिल्ला विकास समितिहरु, ५८ नगरपालिकाहरु र ३९१५ गाउँ विकास समितिहरु रहेका छन् । सम्पूर्ण जिल्ला विकास समितिहरुको प्रतिनिधित्व गर्दै जिल्ला विकास समिति महासंघ नेपाल बि.सं. २०५२ देखि अस्तित्वमा रही आफ्नो क्रियाशिलता देखाउँदै आएको छ । साथै यो समयसम्म आइपुग्दा जिविस महासंघ नेपाले थुप्रै आरोह अवरोह पार गर्दै आएको छ ।

रणनैतिक योजना बनाउने क्रममा जिविस महासंघ नेपालले २०५७ सालमा धुलिखेलमा जिविस महासंघका कार्यसमितिका पदाधिकारीहर र दासु/डेनिडाको संयुक्त बैठक बसी जिविस महासंघ नेपालको पहिलो आन्तरिक रणनीतिक योजना तर्जुमा गरिएको थियो । दोश्रो आन्तरिक रणनीतिक योजना तर्जुमा गोष्ठी २०५८ सालमा मुस्ताङ्ग सम्पन्न भएको थियो । त्यसले बिकेन्द्रिकरणको पक्षमा वकालतलाई थप सबल बनाउने र संस्थागत सुदृढिकरण गर्ने लक्ष्य राखिएको थियो । तेश्रो रणनैतिक योजना तर्जुम गोष्ठी २०६५ नगरकोटमा सम्पन्न भएको थियो । समय क्रमसँगै यसको सामु नयाँनयाँ चुनौतीहरु थपिदै आएको छन् भने आगामी बर्षहरुमा पनि थप नयाँ चुनौतीहरु आउन सक्ने सम्भावना रहेको अनुमान गरिएको हुँदा यस यर्थाथलाई मध्यनजर राखी वर्तमान र नयाँ चुनौती सामाना गर्दै आफ्नो भूमिका प्रभावकारी बनाउन नयाँ रणनीतिहरु बनाउँदै अगाडि जानु पर्ने आवश्यकता देखिएको छ । यही यर्थाथलाई आत्मसात गदै जिल्ला विकास समिति महासंघ नेपालले पुन ३ बर्षीय रणनैतिक योजना तर्जुमा गरेको छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

रणनैतिक योजना तर्जुमाका निम्न उद्देश्यहरु रहेका छन् :

- महासंघसँग बिद्यमान सबल पक्षहरु र उपलब्ध अवसरहरुको लेखाजोखा गर्ने,
- महासंघको बिद्यमान कमी कमजोरी, सवाल तथा चुनौतीहरुको लेखाजोखा गर्ने,
- महासंघको दीर्घकालिन दृष्टिकोण, मिसन, उद्देश्यहरुको पुनरावलोकन गर्ने र समय सापेक्ष परिमार्जन गर्ने,
- परिमार्जित उद्देश्यहरु प्राप्ति हुने गरी रणनीतिहरु तर्जुमा गर्ने,
- रणनीतिहरु बमोजिम उचित कार्यक्रमहरु तर्जुमा गर्ने,

## १.३ योजना तर्जुमा पद्धति र विधि

रणनैतिक योजना तर्जुमाको लागि निम्न विधिहरुको अवलम्बन गरिएको थियो :

<u>बिद्यमान स्थितिको लेखाजोखा</u>

महासंघको रणनैतिक योजना तर्जुमा गर्ने उद्देश्यले २०६६ माघ......प्रारम्भिक छलफल आयोजना गरिएको थियो । उक्त छलफल कार्यक्रममा महासंघले रणनैतिक योजना किन बनाउने र कसरी बनाउने बिषयमा छलफल गरिएको थियो । त्यस पश्चात महासंघको बिद्यमान स्थितिको लेखाजोखा गरिएको थियो । लेखाजोखा गर्दा महासंघको सबलपक्षहरु, कमजोर पक्षहरु, संभावना र अवसरहरु र बाह्य चुनौतीहरुबारे बिश्लेषण गरिएको थियो । उक्त बिश्लेषणको आधारमा महासंघको बिद्यमान भिजन, मिसन, लक्ष्य र उद्देश्यहरुको पुनरावलोकन गरी परिमार्जन गरिएको थियो । वर्तमान चुनौती र संभावित चुनौतीहरुलाई केन्द्र बिन्दुमा राखी नयाँ उद्देश्यहरु निर्धारण गरिएका थिए भने ती उद्देश्यहरु हासिल गर्नको लागि लिइनु पर्ने रणनीतिहरु पहिचान गरिएका थिए । रणनीतिहरुको पहिचान सँगै त्यसलाई उपयुक्त हुने कार्यक्रमहरु पहिचान गरिएका थिए । यसरी छलफलबाट निकालिएका निश्कर्षहरुलाई मस्यौदाको रुपमा तयार गरिएको थियो । उपरोक्त छलफल

तथा रणनैतिक योजनाको मस्यौदा तयार गर्नको लागि जिविस महासंघ नेपालका अधिकृत कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो भने त्यसको सहजिकरण परामर्श दाता श्री उद्दव कोइरालाले गर्नु भएको थियो । दस्तावेज लेखनमा महासंघका परियोजना संयोजक दयासागर श्रेष्ठले सहयोग पुऱ्याउनु भएको थियो ।

<u>कार्य समिति पदाधिकारीहरु सहितको संयुक्त बैठक</u>

२०६६ माघ ....बसेको कार्य समितिको बैठकमा रणनैतिक योजनाको प्रारम्भिमक मस्यौदा प्रस्तुत गरी छलफल गरिएको थियो । उक्त छलफलमा प्राप्त विचार, राय, सल्लाह र सुझावहरुको आधारमा मस्यौदामा थप परिमार्जन र सुधारका कार्यहरु गरिएका थिए ।

<u>रणनैतिक कार्यहरु पहिचान र प्राथमिकीकरण</u>

प्रत्येक रणनीतिहरु अन्तरगत मुख्य कार्यक्रमहरु पहिचान गरिए पछि त्यसको आधारमा न्यूनतम रुपमा गरिनु पर्ने रणनैतिक कार्यहरु पहिचान गरिएका थिए । ती कार्यहरको औचित्य, महत्व र अरजेन्सीको आधारमा तिनीहरुलाई प्राथमिकीकरण गरी सूचीकृत गरिएका थिए र त्यसलाई कायान्वयन गर्न सजिलो बनाउनको लागि एक समयबद्ध कार्यतालिका बनाउने प्रयत्न गरिएको थियो । ती कार्यतालिका सहितको रणनैतिक कार्यहरुको मस्यौदा माथि कार्यसमितिका पदाधिकारहरुको संग्लग्नतामा आवश्यक छलफल गरी सम्पूर्ण रणनैतिक योजनाको दस्तावेजलाई अन्तिम रुप दिइएको थियो ।



## १.४ सीमा

- रणनैतिक योजना तर्जुमा गर्दा कार्यसमितिको मिति २०६६ माघ .....गते बसेको बैठकमा प्रस्तुत गरी छलफल गरिएको थियो । उक्त बैठकमा अधिकांश पदाधिकारीहरु सहभागी रहेका थिए । तर मस्यौदालाई अन्तिम रुप दिनको लागि सबै पदाधिकारीहरुसँग प्रयाप्त छलफल गर्न सकिएन ।

- यो योजनाको अवधि तीन बर्षको रहेको छ । यो योजना तर्जुमा गर्दा महासंघले गर्दै आएका कामहरु, वर्तमान अवस्थामा भोगी रहेका समस्या र चुनौतीहरु र भबिष्यमा आइपर्न सक्ने समस्या र चुनौतीहरुको समेत अनुमान गरेको परिपेक्षमा समय क्रमसँग यसको वातावरणीय पक्षमा आउने राजनैतिक गतिशिलता र कानूनी हेरफेरसँगै नयाँ चुनौती थपिन सक्ने भएको हुँदा त्यस अवस्थामा रणनैतिक प्राथमिकतमा हेरफेर गर्नु अवस्था सृजना हुन सक्छ ।

# भाग २
# बस्तुस्थिति विश्लेषण

## २.१ वातावरणीय पक्ष

<u>राजनीतिक वातावरण</u>

जनआन्दोलन २०६२/०६३ को सफलता पछि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भएको रुपमा रुपान्तरण भएको छ । संविधानसभाको निर्वाचन पश्चात मुलुकको राजनैतिक शक्ति सन्तुलनमा फेरबदल आएको छ । बिद्रोही एकीकृत नेकपा माओवादी सबै भन्दा ठूलो राजनैतिक शक्तिको रुपमा उदायको छ भने तराइमा मधेसवादी दलहरु चौथों शक्तिको रुपमा देखिएको छ । हिजो ठूलो मानिएका नेपाली कांग्रेस तथा नेकपा एमाले दोश्रो तथा तेस्रो राजनैतिक शक्तिको रुपमा रहन पुगेको छ ।

सिङ्गो मुलुक नयाँ संविधान बनाउने गृहकार्यमा जुटेको छ । यस अवस्थामा मुलुकलाई संघीय ढाचाँ अनुसार शासकीय स्वरुप निर्धारण गर्ने बारेमा संविधानमा नै प्रतिवद्धता जनाइएको छ । देश संक्रमण कालबाटै गुर्जदै गरेको अवस्था छ । व्यवस्थापिक संसदमा कुनै पनि राजनैतिक दलको स्पष्ट बहुमत हुन नसकेको हुँदा सरकार बन्ने ढल्ने क्रम जारी रहेको हुँदा मुलुकमा राजनैतिक स्थिरता हुन सकेको छैन भने नयाँ संविधान बनी नसकेको हुँदा देश स्पष्ट दिशाबोध गर्न पनि सकेको छैन । यसको प्रभाव मुलुकको राजनीति, राज्य संचालन र सर्वसाधारणहरुको कामकार्वाही र जीविकोपार्जन समेत परेको अवस्थामा यसको प्रभाव महासंघमा पनि नपर्ने त कुरै भएन ।

१० बर्ष सम्मको बिद्रोहको अन्त भएको भएता पनि त्यसको अवशेषहरु त्यले पारेको मनौबैज्ञनिक असर अझै यथावत छन् । मध्ये तराई क्षेत्र र पूर्वी पहाडी क्षेत्रहरुमा शान्ति सुरक्षाको अवस्थामा अझै सुधार आउन सकेको छैन । सरकार र माओवादी बिच बृहद् शन्ति सम्झौतामा हस्ताक्षर भएको ४ बर्ष बिती सक्दा पनि माओवादी लडाकुहरुको समायोजन र व्यवस्थापन हुन सकेको छैन । यसको प्रभाव यहाँको राजनीतिमा प्रत्येक्ष रुपमा रहिरहेको अवस्था छ ।

<u>कानूनी वातावरण</u>

स्थानीय स्वायत्त शासन २०५४ बमोजिम मुलुकमा जिल्ला, गाविस तथा नगरपालिकाहरुमा जिल्ला विकास समिति, नगरपालिका र गाविसहरु स्थानीय निकायहरुको रुपमा स्थापित भएका छन् । तर २०५९ असार मसान्त पश्चात सबै स्थानीय निकायहरु जनप्रतिनिधि विहिन रहेका छन् । यसको समाधानका लागि स्थानीय निकायको निर्वाचन गर्ने वा त्यसो हुन नसक्दा अन्तरिम स्थानीय निकायहरु गठन गर्ने ब्यवस्था गरेको छ । तसर्थ, नेपालको अन्तरिम संविधान, त्रिवर्षीय अन्तरीय योजना र नेपाल सरकारको बार्षिक कार्यक्रमा समेत यो प्राथमिकता राखिएको छ ।

अन्तरीम संविधान २०६३ को धारा १३९ (१) मा स्थानीय स्वायत्त शासनको व्यस्वथा गरिएको छ । जसअनुसार स्थानीय स्तरदेखिनै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको वढीभन्दा वढी सहभागिता प्रवर्धन गर्न र जनतालाई स्थानीयस्तरमा नै सेवा उपलव्ध गराउन तथा लोकतन्त्रको स्थानीयस्तरदेखि नै संस्थागत विकास गर्न विकेन्दिकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनसम्वन्धी निकायको निर्वाचन गरिनेछ (पाँचौं संशोधनद्धारा संशोधित) भनिएको छ ।

<u>अर्थतन्त्र</u>

नेपालका अर्थतन्त्र अहिले पनि कृषि मै आधारित छ । किनकी अझै पनि अधिकांश श्रम शक्ति कृषिमै निर्भर रहेको अवस्था छ । यद्यपि कूल ग्राह्स्थ उत्पादनमा गैर कृषि क्षेत्रको योगदान बढेको छ । बैदेशिक रोजगारबाट प्राप्त बिप्रेशनले झण्डै २७ प्रतिशत ओगटेको देखिएको छ । कूल ग्राहस्थ उत्पादनको बृद्धि दर ३ प्रतिशतको हाराहारी भन्दा बढ्न सकेको छैन । प्रतिब्यक्ति आम्दानी बढेको देखिएता पनि दुइ अंकको मूल्यबृद्धिले गर्दा त्यसले समग्र नेपालीहरमा नकारात्मक प्रभाव पारेको छ । ब्यपार घाटा नेपालको लागि नियति नै बन्न पुगेको यसको मात्रा बिगतका बर्षहरु भन्दा झन बढेको स्थिति छ । मुलुकको राजनैतिक अस्थिरताले अर्थतन्त्रको विकास र मुलुक भित्रै रोजगारी सृजना गर्ने कुरामा नकारात्मक प्रभाव पर्न गएको छ । उत्पादनशिल लगानी

बढ्न नसक्दा र ठूला परियोजनाहरु संचालन हुन नसक्दा त्यसले रोजगारी र सिंगो अर्थतन्त्रमा प्रभाव पारेको छ । अर्को तर्फ विश्व अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीको प्रभाव नेपालका अर्थतन्त्रमा पनि परेको छ । खर्च आय बिचको दूरी बढ्दै गएको कारण आन्तरिक र बाह्य ऋण रकम क्रमिक रुपमा बढ्दै गएको छ ।

सामाजिक सांस्कृतिक वातावरण

शैक्षिक, आर्थिक र संचार क्षेत्रमा देखिएको परिवर्तनले नेपालीहरुको चेतनास्तरमा परिवर्तन आइरहेको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृति र बहुभौगोलिक देश हो । यहाँ १०१ जाति जनजाति, ९१ भन्दा बढी भाषाहरु र झण्डै १० विभिन्न धर्मावलम्बीहरुको बसोबास हुदै आएको छ । सामाजिक, सांस्कृतिक र भौगोविक विविधता यहाँको मौलिक बिशेषता हो । राजनैतिक परिवर्तन, शैक्षिक स्थिति र चेतनास्तरमा आएको परिवर्तनसँगै विभिन्न जाति तथा जनजाति समुदायहरुमा आफ्नो पहिचान र अस्तित्वका आवाजहरु चर्कोसँग उठ्न थालेको छ । राज्य संचालन र शासन प्रक्रियामा पहुच, न्यायोचित समावेशीकरण र सहभागिताको मागहरु उठ्न थालेको अवस्थामा यो मुद्दालाई मुलुकले वेवास्ता गर्ने नसक्ने अवस्थामा पुगेको छ । लैंगिक समता र सामाजिक समावेशिकरणको सवाल गरिवीको सवाल जत्तिकै महत्वपूर्ण सवालको रुपमा स्थापित भैसकेको हुँदा यसलाई प्रयाप्त रुपमा विचार गर्नु पर्ने स्थिति सृजना भएको छ ।

प्राविधिक पक्ष

बिज्ञान र प्रविधिको विकास र बिश्वब्यापिकरणसँग नयाँ नयाँ प्रविधिहरुको विकास हुने क्रम निरन्तर नै छ । शिक्षा, स्वास्थ्य, निर्माण, उत्पादन, संचार, जीवनयापन हरेक क्षेत्रमा नयाँ प्रविधिहरुले प्रवेश पाइरहेको अवस्था छ । संचार प्रविधिहरुमा आइरहेको द्रुत परिवर्तनले सामाजिक आर्थिक जनजीवनमा प्रभाव पारिरहेको अवस्था छ । प्रविधिको निरन्तर विकास भैरहदा नेपाली समाज आधुनिकीकरण तर्फ उन्मुख हुँदै गइरहेको अवस्था छ ।

## २.२ आन्तरिक पक्ष

### २.२.१ सबल पक्षहरु

ऐन कानूनद्धारा मान्यता प्राप्त

तत्कालिन सरकारले स्थानीय विकास निर्माण र प्रजातन्त्रको लाभ जनतासम्म पुऱ्याउन स्थानीय निकायहरुको भूमिकलाई प्राथमिकतामा राखी २०४९ सालमा पहिलो स्थानीय निकायको निर्वाचन गरेको थियो । यसको मुल मर्म शासन प्रक्रियामा अतिकाधिक मात्रामा जनता र जनताद्धारा निर्वाचित प्रतिनिधिहरुको सहभागितामा जोड दिएको थियो । तथापि जनताका लागि प्रभावकारी सेवा प्रवाह गर्न साधन, श्रोत, अधिकार र जिम्मेवारीको स्पष्ट किटान हुन नसकेको कारण जनताको माग र स्थानीय सरकारको पूर्ति विचको खाडलले तत्कालिन जनप्रतिनिधिहरुलाई संगठित हुन प्रेरित गरेको पृष्ठभूमीमा जिल्ला विकास समितिहरुको एउटा केन्द्रीयस्तरको साझा मञ्चको आवश्यकता महशुस गरी जिल्ला विकास समिति महासंघ नेपालको स्थापना वि.सं. २०५१ सालमा भएता पनि विधिवत रुपमा २०५२ सालमा राष्ट्रिय निर्देशन ऐन २०१८ बमोजिम दर्ता भै कार्यरत रहेको छ । महासंघलाई विधिवत संचालनको लागि जिल्ला विकास समिति महासंघ नेपालको विधान २०५२ बनाई कार्यान्वन्यनमा ल्याइएको छ भने यसको पहिलो संसोधन २०५८ सालमा गरिएको छ । महासंघको कामकार्वाहीलाई ब्यवस्थित रुपमा गर्नको लागि महासंघले कार्यब्यवस्था नियमावली २०५४, आर्थिक नियमावली २०५४ र निर्वाचन नियमावली २०५४ पारित गरी लागू गरेको छ ।

७५ वटै जिल्लासँग संजाल स्थापित भएको

महासंघमा देश भरका ७५ वटै जिल्ला विकास समितिहरु पदेन सदस्य रहेका छन् । यसको विधान अनुसार प्रत्येक जिविसबाट सभापति, उपसभापति पदेन र जिविसका सदस्यहरु मध्येबाट कम्तिमा एकजना महिला सहित दुई जना सदस्य गरी ४ जना परिषद सदस्य रहने प्रावधान अनुसार ३०० जनाको परिषद रहेको छ । सोही परिषद्ले २३ सदस्यीय कार्यसमितिको चयन गर्दछ । तसर्थ यो ७५ वटै जिल्ला विकास समितिहरुको प्रतिनिधिमूलक संस्था हो ।

सचिवालयको व्यवस्था

जिविस महासंघको विधान, परिषद र कार्यसमितिको नीतिगत निर्णय कार्यान्वयन गर्न विभिन्न इकाईहरु सहितको एक सचिवालय रहेको छ । सचिवालयको कार्यालय हाल ललितपुर जिल्ला स्थित सानेपामा रहेको छ । सचिवालयमा हाल कार्यकारी महासचिवको नेतृत्वमा १३ जना कर्मचारीहरु कार्यरत छन् । कार्यकारी महासचिव सहित ४ जना बिज्ञ कर्मचारी कार्यरत रहेका छन् । सचिवालयको स्थानपना कालदेखि कार्यरत रहेका कर्मचारीहरु रहेको हुँदा कर्मचारीहरुमा संस्थागत संझना (Institutional Memory) देखि कार्यसम्पादनको राम्रो अनुभव रहेको छ ।

स्थानीय स्वायत्त शासन तथा बिकेन्द्रिकरणको क्षेत्रमा पैरवी सम्बन्धी अनुभव र क्षमता

लोकतत्र, विकेन्द्रिकरण र विकास महासंघको मुल कार्यदिशाहरु हुन् । महासंघको मूल उद्देश्यनै बहुदलीय प्रजातन्त्रको मर्म र भावना अनुकूल बिकेन्द्रिकरणको माध्यमद्वारा जनतालाई स्थानीय विकासमा सक्रिय सहभागी गराई स्वायत्त शासनको अवधारणालाई समूचित तथा वास्तविक रुपमा अगाडि बढाउन सहयोग पुऱ्याउने भन्ने रहेको हुँदा महासंघले स्थापना कालदेखि नै लोकतन्त्रको संस्थागत विकास प्रक्रियामा योगदान गर्दै आएको छ । यसले मुलुकमा साँचो अर्थको बिकेन्द्रिकारणको पक्षमा निरन्तर पैरवी गर्दै विभिन्न मञ्चहरुमा दरोसँग विचार ब्यक्त गर्दै आएको छ । अधिकार निक्षपण सहितको बिकेन्द्रिकरण विना नेपालमा साँचो लोकतन्त्र स्थापना हुन नसक्ने र मुलुकको विकास पनि हुन नसक्ने विश्वास महासंघको रही आएको हुँदा अन्य स्थानीय निकाय महासंघहरुसँग सहकार्य गर्दै स्थानीय स्वायत्त शासन प्रणालीको संवैधानिक ब्यवस्थाको पक्षमा निरन्तर संघर्ष गर्दै आएको छ । यसले नेपाल सरकार तथा दातृ निकायहरुसँगको सहकार्यमा राष्ट्रिय नीति निर्माण र कार्यान्वयनका क्षेत्रमा समेत भूमिका निर्वाह गर्दै आएको छ । तसर्थ, स्थानीय स्वायत्त शासन तथा बिकेन्द्रिकरणको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा वकालत र पक्षपोषण गरेका अनुभव महासंघको मौलिक क्षमताको रुपमा रहेको छ । जस्तै स्थानीय स्वायत्त शासन ऐन, नियमावली, अनुदान कार्यविधीहरु, जस्ता महत्वपूर्ण कार्यमा सहयोग समेत गर्दै आएको छ ।

संस्थाको सम्पत्ति

संस्थाको निजी सम्पत्तिको रुपमा महासंघले आफ्नै जग्गाको ब्यवस्था गरेको छ । जुन काठमाण्डौं स्थित थानकोटमा रहेको छ । उक्त जग्गामा आफ्नै निजी भवन बनाउन नसकिएको भएता पनि अन्तको जग्गाको मूल्यमा बृद्धि भए जस्तै त्यस जग्गाको मूल्य पनि बढेको छ । त्यस बाहेक संस्थाको नाममा एक निजी कार, थुप्रै उपकरणहरु र फर्निचर लगायतका सामानहरु रहेका छन् ।

संघीयता र स्थानीय शासनको क्षेत्रहरुमा अध्ययन अनुसन्धान सम्बन्धी अनुभव

समय समयमा स्थानीय स्वायत्तता, विकेन्द्रीकरण जस्ता विषयमा अध्ययन अनुसन्धान समेत गर्दै आएको छ । यसै सन्दर्भमा महासंघको आफ्नै पहलमा वा साझेदारीमा हालसम्म गरिएका निम्न अध्ययन तथा अनुसन्धानहरु निकै सान्दर्भिक छन् :

- नेपालमा बिकेन्द्रिकरण : संभावना र चुनौती
- मिथिला, भोजपुर तथा अवधि समुदायहरुको सामुदायिक शासन सम्बन्धी अध्ययन

स्थानीय सरकार सम्बन्धी सूचनामूलक सन्दर्भ सामाग्रीहरुको उपलब्धता

जिविस महासंघ नेपालले विभिन्न समयमा विभिन्न प्रकाशनहरु मार्फत जिविस बिकेन्द्रिकरण, स्थानीय स्वायत्त शासन र स्थानीय विकासको बारेमा बिभिन्न सूचनामूलक सामाग्रीहरु तयार गरी प्रकाशन गर्दै आएको छ । यसका प्रकाशनहरु नीति निर्माता देखि अनुसन्धानकर्ताहरु समेतको लागि निकै महत्वपूर्ण मानिदै आएको छ । त्यसता केही सन्दर्भ सामाग्री निम्न बमोजिम रहेका छन् :

- विकेन्द्रीकरण र सुशासनको पक्षपोषणमा : इतिहासदेखि वर्तमानसम्म
- स्थानीय निकायका लागि हाते पुस्तिका (नविकरण ऊर्जा प्रविधि)

- विकेन्द्रीकरण ऊर्जा विकास योजना निर्देशिका, २०६१
- जिल्ला विकास समितिहरुको वार्षिक आय-व्यय विवरणको (संक्षिप्त विश्लेषणात्मक प्रतिवेदन)
- सफलताका कथाहरुको सँगालो २०६२, ६३, ६४, ६५, ६६
- सहभागितामूलक लैङ्गिक लेखाजोखा
- स्थानीय स्वायत्त शासन दिग्दर्शन
- स्थानीय निकायमा पारदर्शिता तथा जवाफदेहिताको अभिबृद्धि (अध्ययन प्रतिवेदन)
- जिल्ला सूचना तथा अभिलेख केन्द्र : सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन
- स्थानीय स्वायत्त शासनका अवधारणा
- जिल्ला विकास समितिहरुको वार्षिक आय-व्यय विवरणको (संक्षिप्त विश्लेषणात्मक प्रतिवेदन)२०५७/५८ देखि २०६३/६४
- विश्वमा स्थानीय सरकार (संवैधानिक अभ्यास)
- नेपालको संघीय संरचनामा तहगत सरकारवीच कार्यजिम्मेवारी र अधिकारको निक्षेपण
- नेपालको संघीय संरचनामा तहगत सरकारवीच कार्यजिम्मेवारी र अधिकारको निक्षेपणका १० प्रमुख मुद्दाहरु
- Democracy, Decentralization, Development and Local Good Governance in Asia
- नयाँ संविधान र राज्यको पुनःसंरचना सन्दर्भमा जिल्ला सरकारको आवश्यकता
- Decentralized Rural Energy Development in Nepal
- नियमित बुलेटिन : स्थानीय प्रजातन्त्र

<u>सूचना तथा अभिलेख केन्द्र</u>

जिविस महासंघमा विभिन्न संघ संस्थाहरुबाट नियमित रुपमा उनीहरुका प्रकाशनहरु प्राप्त हुने गरेको छ । त्यसको अतिरिक्त महासंघले बेला बेलामा विभिन्न महत्वपूर्ण किताबहरु खरिद गर्ने गरेको छ । त्यसैगरी आफ्नो पहलबाट प्रकाशन गरिएका अध्ययन अनुसन्धानसँग सम्बन्धित प्रकाशनहरु समेत संग्रह गरी राखेको छ । ती सबै पुस्तकहरु व्यवस्थित रुपमा संग्रह गरी राखिएको हुँदा जिविस महासंघ सूचना तथा अभिलेख केन्द्रको रुपमा समेत विकास हुँदै गएको अवस्था छ । विभिन्न अनुसन्धानकर्ता, शोधकर्ता र सूचनाको आवश्यकता पर्ने व्यक्तिहरुको यहाँ सरल पहुँच हुन सक्ने भएको हुँदा सूचना तथा अभिलेखक केन्द्र निकै महत्वपूर्ण बन्न पुगेको छ ।

<u>राष्ट्रिय संघ संस्थाहरुमा प्रतिनिधित्व</u>

जिल्ला विकास समिति महासंघ नेपालले आफुलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा विकेन्द्रीकरण, स्थानीय स्वायत्त शासन र सुशासनको पक्षमा पक्षपोषण र पैरवी गर्न सक्ने एक सक्षम संस्थाको रुपमा आफुलाई परिचित गराई सकेको छ । यसले राष्ट्रियस्तरका महत्वपूर्ण समितिहरु जस्तै उच्चस्तरीय विकेन्द्रीकरण तथा अनुगमन समिति, गरिवी निवारण कोष, स्थानीय निकाय वित्तिय आयोग, लगायतमा संस्थागत प्रतिनिधित्व गर्दै आएको छ ।

| क्र.सं. | राष्ट्रिय संस्थाहरु |
|---|---|
| १ | प्रधानमन्त्रीको अध्यक्ष रहने राष्ट्रिय विकास परिषद |
| २ | प्रधानमन्त्रीको अध्यक्ष रहने बिकेन्द्रिकरण कार्यान्वयन तथा अनुगमन समिति |
| ३ | प्रधानमन्त्रीको अध्यक्ष रहने गरिबी निवारण कोष |
| ४ | स्थानीय विकास मन्त्रीको अध्यक्ष रहने स्थानीय निकाय बित्तीय आयोग |
| ५ | स्थानीय विकास मन्त्रालयका सचिवको अध्यक्ष रहने स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमको राष्ट्रिय सल्लाहकार समिति |
| ६ | ग्रामीण खानेपानी तथा सरसफाई कोष बोर्ड |
| ७ | सडक बोर्ड |

उपरोक्त संस्थाहरु बाहेका महासंघको निम्न सरकारी निकायहरुमा पनि संग्लग्नता रहेको छ :

| क्र.सं. | संस्थाहरु |
|---|---|
| १ | स्थानीय विकास मन्त्रालय |
| २ | भौतिक योजना तथा निर्माण मन्त्रालय |
| ३ | दैवी प्रकोप गृह मन्त्रालय |
| ४ | जनसंख्या तथा वातावरण मन्त्रालय |
| ५ | पर्यटन बोर्ड |
| ६ | समाज कल्याण परिषद |
| ७ | वन क्षेत्र समन्वय समिति |
| ८ | राजस्व परामर्श समिति |
| ९ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान |
| १० | स्थानीय निकाय राजस्व बाँडफाँड समिति |
| ११ | राष्ट्रिय कृषि विकास समिति |
| १२ | केन्द्रीय तथ्यांक विभाग |
| १३ | खानेपानी तथा सरसफाइ विभाग |
| १४ | राष्ट्रिय अनौपचारिक शिक्ष परिषद |
| १५ | झोलुङ्गेपुल समन्वय समिति |

<u>विभिन्न अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्बन्ध स्थापना</u>

महासंघ सन् २००२ देखि UCLG-ASPC को कार्यकारी बोर्ड सदस्यको रुपमा रही आएको छ भने सन् २००८ जुलाई देखि जुन २०१० सम्मको लागि सहअध्यक्षको पदमा समेत रही आएको छ । United Cities of Local Government को एशिया प्रशान्त क्षेत्रको उपाध्यक्ष जस्तो गरिमामय र जिम्मेवारीपूर्ण पदमा रही भूमिका निर्वाह गर्दै आएको छ । यसको अतिरिक्त डेनमार्क स्थित स्थानीय सरकारहरुको संगठन LGDK सँग यसको भातृसम्बन्ध रही आएको छ ।

## जिविसहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने क्षमता

जिविस महासंघले सदस्य जिविसहरुको व्यवस्थापकीय क्षमता विकासको लागि र जिविसको विकास नीति निर्माणमा प्रत्येक्ष सहयोग पुऱ्याउँदै आएको छ । स्थानीय स्वायत्त शासन प्रक्रिया र सहभागितामूलक विकासका कामहरुलाई प्रभावकारी बनाउन जिविसहरुको योजना तर्जुमा, क्षमता विकास सम्वन्धी अध्ययन तथा अभिमुखीकरण जस्ता कार्यहरु गर्दै सदस्य जिविसहरुलाई सेवा उपलब्ध गराएको छ । महासंघले हाल सम्म यस क्षेत्रमा पुऱ्याएको योगदान निम्न बमोजिम रहेका छन् :

- जिविस सूचना तथा अभिलेख केन्द्रको सुदृढिकरण
- जिविसहरुको रणनैतिक विकास योजना तर्जुमा
- जिविसहरुको आवाधिक विकास योजना तर्जुमा
- जिल्ला सूचना तथा अभिलेख केन्द्रको म्यानुअल तयारी
- स्थानीय निकायहरुको पारदर्शिता र जवाफदेहिता सम्बन्धी तालिम म्यानुअल तयारी
- निर्वाचित जनप्रतिनिधिहरु तथा राजनैतिक दलहरुलाई तालिम तथा अभिमुखीकरण
- आन्तरिक लेखापरीक्षकहरुलाई तालिम
- जिविसका लेखापाल वा अधिकृतहरुलाई तालिम
- उर्जा नीति र स्थानीय निकायहरुको भूमिका बारे सचेतना
- जिविस गाविसहरुको क्षमता विकासको लागि कार्यविधि तर्जुमामा स्थानीय विकास मन्त्रालयलाई सहयोग
- क्षमता विकास कार्यविधि बारे जिविसहरुलाई अनुशिक्षण
- बिकेन्द्रित उर्जा विकास योजना निर्देशिका

## राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य र साझेदारीको अनुभव

नेपाल सरकार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य र साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरेको अनुभव रहेको छ । राष्ट्रियस्तरमा यसको राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँग सुमधुर र कार्यमूलक सम्बन्ध रही आएको छ । अन्तराष्ट्रिय संघ संस्थाहरुको हकमा एशियाली विकास बैंक, बिश्व बैंक, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, संयुक्त राष्ट्र संघीय प्रजातन्त्र कोष, डानिडा, स्वीस विकास नियोग, जर्मन विकास नियोग, डिएफआइडि, इएसपि, एसएनभि, युनिसेफ, सिसिओ, सेसी, इशिमोड, हेल्भेटास, एशिया फाउण्डेशन र अक्सफामसँग कार्यमूलक सम्बन्ध रहदै आएको छ ।

जिल्ला विकास समितिहरु मार्फत ग्रामीण उर्जा प्रबर्धन गर्नको लागि जिविसहरुको साझा मञ्चको रुपमा जिल्ला उर्जा नेटवर्क स्थापना भएको छ । उक्त नेटवर्कको सचिवालय पनि महासंघमा नै रहने व्यवस्था छ । तसर्थ बहुपक्षीय सरोकारवालाहरु प्रत्येक्ष सहभागितामा राष्ट्रिय उर्जा सम्मेलन गरी १३ बुँदे ललितपुर घोषणपत्र मार्फत स्थानीय तहमा उर्जा विकासको लागि चेतना संचार गर्ने कुरामा महासंघको भूमिका प्रंशसनीय रहेको महशुस गरिएको छ ।

यसको अतिरिक्त संयुक्त राष्ट्र संघीय प्रजातन्त्र कोषको सहयोगमा संचालित नेपालको राजनीतिमा सीमान्तकृत महिलाहरुको क्षमता अभिबृद्धि परियोजना संचालनको लागि विश्व परिदृश्य वकालत मञ्च तथा नेपाल आदिवासी जनजाति महिला मञ्चसँग सन् २००८ देखि सहकार्य गर्दै आएको छ । त्यसैगरी उर्जाको क्षेत्रमा निजीक्षेत्रको समेत सहभागिताको लागि नेपाल उद्योग वाणिज्य महासंघसँग यसले सहकार्यको प्रारम्भ गरिसकेको छ ।

सर्बदलीय सहमतिमा निर्णय गर्ने परम्परा

जिविस महासंघमा विभिन्न राजनैतिक दलहरुसँग सम्बन्ध भएका पदाधिकारीहरु भएता पनि स्थानीय स्वायत्त शासन र बिकेन्द्रिरण र स्थानीय विकासको मामिलामा सबैको पूर्ण प्रतिबद्धताको कारणले गर्दा नीति निर्माण र निर्णय प्रक्रियाहरुमा सदैव साझा धारणा र विचार बन्ने मौलिक परम्परा रहदै आएको छ । यसले महासंघको साझा दृष्टिकोण र प्रतिबद्धतामा सदैव वल प्रदान गर्ने गरेको छ ।

## २.२.२ चुनौती तथा सवालहरु

स्थानीय सरकारहरुमा जननिर्वाचित प्रतिनिधिहरु नहुनु

अन्तरिम संविधानमा स्थानीय निकायहरुका निर्वाचन गर्ने वा त्यो हुन नसक्दा अन्तरिम स्थानीय निकायहरु गठन गर्ने व्यवस्था गरिएको भएतापनि त्यस प्रावधानको लामो समयसम्म कार्यान्वयन नहुँदा तीनवटै संघ तथा महासंघहरुको तर्फबाट दायर रिटमा सर्वोच्च अदालतलले संविधानको पाँचौ संशोधन हुनासाथ धारा १३९ अनुरुप अनिवार्य रुपले स्थानीय निकायको चुनाव सम्पन्न गर्नुपर्ने अवस्था भए पनि समयाभावले यतिवेला निर्वाचन गर्न उपयुक्त नहुने निचोड निकाली संक्रमणको वर्तमान परिस्थिति र वास्तविकतालाई ध्यानमा राखी निवेदनको माग अनुसार अदालत परामदेश जारी गर्न उचित ठान्दैन भनिएको छ ।

जिविस महासंघको लागि सबै भन्दा पहिलो चुनौती भनेको जिविसहरुमा निर्वाचित जनप्रतिनिधिहरु अस्तित्वमा नरहनु हो । २०५९ श्रावणदेखि बिद्यमान पदाधिकारीहरुको पदावधी सकेको र नयाँ निर्वाचन पनि हुन नसकेको कारणले गर्दा जिविसहरुको पदबहाल हुन सकेको छैन । यसले गर्दा महासंघ नेपालको बोर्ड २०५४ सालको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुको नै प्रतिनिधित्व हुने गरी महासंघ अस्तित्वमा रहेको छ । ताजा जनादेश प्राप्त ब्यक्तिहरुको प्रतिनिधित्व नरहेको अवस्थामा त्यसको प्रत्येक्ष समस्या जसरी जिविसहरुले भोगिरहेको छ । त्यसै गरी महासंघको नेतृत्व पुरानै यथावत रहेको कारणले गर्दा महासंघलाई बाहिर हेर्ने दृष्टिकोण त्यक्ति उत्साहजनक छैन । नयाँ निर्वाचन नहुन्जेल सम्म पुरानै नेतृत्वले निरन्तर नेतृत्व दिनु पर्ने बाध्यता पनि महासंघलाई रहेको छ । यस कारणले पनि महासंघको प्रति बाह्य वातावरण त्यत्ति अनुकुल र मैत्रीपूर्ण देखिन सकेको छैन ।

जिल्लाको संरचना र अस्तित्व बारे ठोस धारणा बन्न नसकेको

देश संक्रमणकालमा त छँदै छ । तर नयाँ संविधान निर्माण र राज्यको पुर्नसंरचना गर्ने बिषयले महासंघलाई पनि अन्यौलग्रस्त बनाउन पुगेको छ । देशले एकात्मक राज्य प्रणालीबाट संघात्मक राज्य प्रणालीमा जाने संकल्प गरिसकेको परिपेक्षमा एनेकपा माओवादी बाहेक ठूला र निर्णायक राजनैतिक दलहरुमा राज्यको पुर्नसंरचनाबारे स्पष्ट धारणा बनी नसकेको र संविधानसभामा पनि यो मुद्दा एक मुख्य मुद्दाको रुपमा रहिरहेको अवस्थामा स्थानीय स्वायत्त शासनको संवैधानिका ब्यवस्था र उनीहरुले पाउने अधिकार र श्रोत साधनको बारेमा अन्यौलग्रस्त अवस्था त छँदै छ अर्को तर्फ जिल्लाको संरचना रहनु पर्छ भन्ने आवाज बलियोसँग निर्णायक दलहरुको पनि निर्णायक नेताहरुबाट ब्यक्त नभएको अवस्थामा जिल्लाको अस्तित्व माथि प्रश्न चिन्ह लागिरहेको अवस्था छ । त्यसको प्रत्येक्ष प्रभाव महासंघमा पनि परिरहेको अवस्था छ । यसले जिविस महासंघकै अस्तित्व र भबिश्य पनि अन्यौलपूर्ण हुन पुगेको महशुस गरिएको छ । यसले पनि दीर्घकालिन सोचका साथ महासंघ क्रियाशिल हुने कुरामा वाधा पुगेको छ भने सरकारी, गैरसरकारी तथा अर्न्तराष्ट्रियनिकायहरुले महासंघलाई हेर्ने र ब्यवहार गर्ने कुराहरुमा विगतमा भन्दा फरकता देखिन थालेको महशुस गरिएको छ ।

महासंघको कमजोर अर्थिक अवस्था

जिल्ला विकास समिति महासंघ नेपालको आफ्नो स्थापनाकालदेखि नै केही नै केही चुनौती तथा समस्याहरु भोग्दै आइरहेको छ । यस संस्थाको मुख्य आम्दानीको श्रोत सदस्य जिविसहरुबाट प्राप्त हुने सदस्यता शुल्क तथा नेपालको सरकारले उपलब्ध गराउने अनुदान नै हो । जिल्ला विकास समितिहरु जनप्रतिनिधिहरु विहिन भएको अवस्था भएको हुँदा जिविसहरुबाट प्राप्त हुनु पर्ने सदस्यता शुल्कहरु नियमित प्राप्त हुन नसकेको र नेपाल सरकारबाट प्राप्त हुने संचालन अनुदान प्रनि प्रयाप्त नभएको

हुँदा महासंघको सचिवालयको संचालन खर्च धान्न पनि गाह्रो भएको अवस्था छ । यसर्थ जिविस महासंघको आर्थिक अवस्था कमजोर रहन पुगेको छ । कमजोर आर्थिक अवस्थाको कारणले गर्दा कार्यरत कर्मचारीहरुको स्थायित्व र निरन्तरताको लागि बाधा पुग्न गएको छ ।

जिविस सर्वदलीय संयन्त्रहरुसँगको सम्बन्ध कमजोर हुनु

जिल्ला विकास समितिहरुमा जनप्रतिनिधिहरु नभएको अवस्थामा जिविसको सम्पूर्ण कामकार्वाहीहरुको अख्तियारी नेपाल सरकारले स्थानीय विकास अधिकारीहरुलाई सुम्पेको छ । तैपनी नेपालको सरकारको निर्णयबाट जिविसको काम कार्वाहीहरुलाई सुचारु गर्न जिल्ला भित्र अस्तित्वमा रहेका संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरुको प्रतिनिधित्व रहेको सर्वदलीय संयन्त्र निर्माण गरी उनीहरुको समन्वयमा जिविसका काम कार्वाहीहरु सुचारु गर्ने ब्यवस्था गरिएको छ । सम्पूर्ण जिल्लाहरुमा त्यस्ता संयन्त्रहरु निर्माण भै क्रियाशिल रहेको अवस्था छ । ती संयन्त्रहरु जननिर्वाचित नभए पनि उनीहरुले धेरै हदसम्म स्थानीय जनताहरुकै प्रतिनिधित्व गर्ने भएको हुँदा उनीहरुको भूमिका निकै महत्वपूर्ण रहने कुरा निर्विवाद छ । ती संयन्त्रहरु र जिविस महासंघ बिच प्रत्येक्ष सम्पर्क र अन्तरसंवाद हुन नसकेको कारणले गर्दा महासंघ र संयन्त्र बिच नत सुमधुर सम्बन्ध स्थापना हुन सकेको छ नत उनीहरुसँग सहकार्य नै हुन सकेको छ । जनप्रतिनिधिहरु नभएको अवस्था भएको हुँदा ती संयन्त्रहरु मात्रै हैन जिविसहरुसँग पनि कार्यमूलक सम्बन्धमा फितलोपन आएको महशुस गरिएको छ ।

जिल्लाको आवश्यकता बारे प्रयाप्त बहस र पैरवी हुन नसक्नु

देश अहिले नयाँ संविधान निर्माण गर्दै राज्यको पुनर्संरचना गर्ने प्रक्रियामा छ । जिविस महासंघले स्थानीय स्वायत्त शासन प्रणालीको संवैधानिक ब्यवस्थाको लागि पैरबी संवाद गदै दवाव दिने केही प्रयासहरु गरे पनि ती कार्यहरु प्रयाप्त मात्रामा हुन सकेको छैन र भएका पैरवीहरुको पनि महशुस गर्न सकिने किसिमले सुनुवाइ हुन सकेको छैन । राज्यको पुर्नसंरचनाको सन्दर्भमा स्थानीयतहमा जिल्लाहरुको संरचना नै नरहने र जिविसहरुको संरचनाहरु पनि नरहने भन्ने बिषयमा चर्चा भैरहेको छ । वास्तवमै जिल्लाहरुको आवश्यक छ छैन भन्ने बिषयमा दलहरु बिच र दलभित्रै पनि फरक फरक बिचारहरु प्रकट भैरहेको अवस्था छ भने संविधानसभाको राज्यको पुर्नसंरचना तथा राज्य शक्तिको बाँडफाँड समितिबाट पारित प्रतिवेदनमा पनि जिल्लाको तह नरहने आसय ब्यक्त भएको छ । जिविस महासंघको अस्तित्वसँग त्यो मुद्दा प्रत्येक्ष रुपमा जोडिएको हुँदा जिल्ला तहहरुमा र केन्द्रीयस्तरमै एक त जिल्लाको संरचनाको अस्तित्वको बारेमा र स्थानीय स्वायत्त शासनको कानूनी ग्यारेन्टीको लागि पनि महासंघले प्रयाप्त बहस पैरबी र दवावहरु सृजना गर्न नसकिरहेको अवस्था छ ।

जिविसहरुलाई अपेक्षा अनुरुप सेवा उपलब्ध गराउन नसकिएको

जिविस महासंघ जिविसहरुको छाता संगठन भएको हुँदा जिविसहरु महासंघले नीतिगत बिषयहरुमा र उनीहरुका काम कार्वाहीमा मद्दत गर्ने कुरामा कुनै कुनै भूमिका खेलिदिओस भन्ने चाहना राख्नु स्वभाविकै हो । तर उनीहरुले अपेक्षा गरेको जस्तो सेवा तथा सहायता पुऱ्याउने कुरा त्यत्ति सन्तोषजनक हुन सकिरहेको छैन । यसको पछाडि देशको अन्यौलग्रष्ट र अस्थिर राजनीति मुख्य कारण हो भने अर्को तर्फ प्रयाप्त जनशक्ति र बित्तीय श्रोतको अभावको कारणले गर्दा महासंघले चाहदा चाहदै पनि ती कुराहरु हुन सकिरहेको छैन ।

जिविस महासंघले बिगतमा जिविसहरको संस्थागत तथा मानवीय क्षमता विकासको लागि विभिन्न कार्यक्रम संचालन गर्दै आएको हो । तर स्थानीय विकास मन्त्रालय मार्फत स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम संचालन भए पछि कार्यक्रम आफैले स्थानीय निकायहरुलाई क्षमता विकास अनुदान प्रदान गरी मागमा आधारित र आपूर्तिमा आधारित अवधारणा बमोजिम विभिन्न क्षमता विकासका कार्यहरु गर्न थालिएको र उक्त कार्यक्रममा अधिकांश मुख्य दातृ निकायहरुको सहयोग रहेकोले महासंघले जिविसहरुको क्षमता विकासमा प्रत्येक्ष रुपमा कार्यहरु गर्न नसकिने अवस्था सृजना भएको छ ।

सूचनाको प्रवाह व्यवस्थित हुन नसक्नु

सूचना प्रवाह निकै महत्वपूर्ण बिषय हो । यसमा कुनै विवाद छैन । सूचना प्रवाहले नीति निर्माण, कामकार्वाही र व्यवहारलाई सहयोग गर्छ । तर महासंघ भित्र प्रयाप्त सूचना आदनप्रदान हुन सकेको छैन । सचिवालय र पदाधिकारीहरु बिच पनि अन्तरसंवादको कमी छ । सूचना प्रवाहमा देखिएको कमजोरीले महासंघको कामकार्वाही बिच तादाम्यता हुन सकेको छैन । जिम्मेवारी बाँडफाँडको अस्पष्टता र कार्ययोजनाको अभावले महासंघले गरेका कामकार्वाहीहरु अलमलिएको भान हुन पुगेको छ भने अर्को तर्फ महासंघको पारदर्शिता र जवाफदेहिता ठीकसँग स्थापित गर्न नसकिएको महशुस गरिएको छ ।

आन्तरिक क्षमताको अध्यावधिक हुन नसकेको

सचिवालयमा कार्यरत कर्मचारीहरुको जिम्मेवारीहरुमा केही हेरफेर भएको छ भने कर्मचारीहरु पनि आउने जाने क्रमहरु छ । बदलिंदो परिवेशमा सचिवालयमा कार्यरत कर्मचारीहरुको आफ्नो जिम्मेवारी पूरा गर्न सक्ने गरी उनीहरुको क्षमतामा सुधार हुनु पर्ने हुन्छ तर त्यो हुन सकिरहेको छैन । नयाँ नयाँ अवधारणा, कार्यशैली र सीप कला, दक्षता बारेमा अभिमुखीकरण, तालिम तथा अन्तरक्रिया हुन नसक्दा कर्मचारीहरुको दक्षतामा स्तरोन्नती हुन सकेको छैन । यस्तै अवस्था पदाधिकारीहरुमा समेत देखिन्छ । त्यसै गरी भौतिक श्रोत साधन र स्पष्ट नीति नियम तथा कार्यक्रमको कमी र त्यसमा समय सापेक्ष सुधार हुन नसक्दा महासंघको स्पष्ट दिशानिर्देश गर्ने कुरामा वाधा सृजना भएको छ । स्थापना कालदेखि आएर महासंघले आफ्नै निजी भवन समेतको व्यवस्था गर्न नसक्दा यसले महासंघको संस्थागत क्षमता समेत कमजोर देखिन पुगेको छ ।

स्पष्ट र समयबद्ध कार्ययोजना बनाई काम गर्न नसकिएको

संस्थाको लक्ष्य तथा उद्देश्यहरुलाई हासिल गर्न महासंघले स्पष्ट नीति तथा कार्यक्रम बनाइ काम गर्नु पर्ने हुन्छ । अन्यौलग्रस्त राजनैतिक अवस्था, निर्वाचित प्रतिनिधिहरुको अनुपस्थिति र व्यवस्थापकीय कमजोरीले गर्दा महासंघको काम कार्वाही व्यवस्थित रुपमा अगाडि बढाउन योजनाबद्ध कार्यतालिका बनाएर काम गर्न नसकिएको अनुभव गरिएको छ । यो अवस्थाको लागि कमजोर आर्थिक अवस्थाले पनि मद्दत पुऱ्याएको छ । स्पष्ट रणनीति र आन्तरिक कार्यकुशलतामा भएको कमजोरीको प्रभाव बित्तीय तथा मानवीय श्रोत परिचालनमा समेत परेको छ ।

### २.२.३ अवसर र संभावनाहरु

जिल्ला र जिविसहरुका अस्तित्व रहिरहने

संविधानसभा अन्तरगत व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिले विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त ईकाइहरुको गठन गरिने छ र विभिन्न प्रदेश सभा अर्न्तगतका स्थानीय स्वायत्त ईकाइहरुको स्वरुप र गठन प्रकृयामा समानता र काम कारवाईमा एकरुपता रहने गरी कानूनद्वारा व्यवस्था गरिने छ भन्ने उल्लेख गरेको छ । यस व्यवस्थाले मुलुकमा स्थानीय तहमा स्थानीय शासन प्रणालीको अभ्यास रहने संकेत गर्दछ । त्यसै गरी केन्द्र सरकारले राष्ट्रिय सुरक्षा, बैदेशिक सम्वन्ध, मुद्रा, ठूला र अन्तर प्रदेशीय विकास परियोजना लगायतका कार्य गर्नेछ । भने राज्यबाट प्रदान गरिने अन्य सेवा प्रान्त सरकारले प्रदान गर्नेछ भन्ने रहेको छ । यस व्यवस्थाले स्थानीय मामिलाहरुमा संघीय सरकारको भन्दा तल्लो तहका सरकारहरुको भूमिका महत्वपूर्ण रहन सक्ने देखिन आउँछ ।

मुलुक नयाँ संविधान निर्माण गर्दै राज्यको पुर्नसंरचना गर्ने पथतिर लम्केको भएता पनि एक त नयाँ कहिले सम्म बन्ने बिषयमा स्पष्ट जवाफ छैन । भने अर्को तर्फ राज्यको पुर्नसंरचना भएता पनि त्यो प्राविधिक रुपमा पनि जटिल बिषय भएकोले जिल्लाको बिघटन त्यत्ति सजिलोसँग हुन सक्ने संभावना छैन । मुलुकले जिल्लाको संरचना र त्यसतहमा विभिन्न संस्थाहरु निर्माण गरी त्यसको धेरै हदसम्म संस्थागत विकासको अनुभव गरिसकेको हुँदा जिल्लाको आवश्यकता अपरिहार्य छ भन्ने कुरा भरखरै महासंघले २७ जिल्लाहरु गरिएको अन्तरक्रिया कार्यहरुमा पनि महशुस गरिएको परिपेक्षमा जिल्लाको अस्तित्व लामै समय सम्म रहने अनुमान गरिएको छ । जिल्लाको अस्तित्वसँग जिविसहरुको अस्तित्व

रहने र जिविसहरुको उपस्थितिसँग जिविस महासंघको औचित्य र अस्तित्वमा तत्काल कुनै प्रश्न नउठ्ने संभावनालाई अवसरको रुपमा लिइनु पर्ने अवस्था महासंघ सामु देखिएको यथार्थ चित्र हो ।

सरकारी निकायहरुसँग साझेदारी र सहयोगको निरन्तरता

जनप्रतिनिधिहरुको अस्तित्व नभएको अवस्थामा पनि जिविस महासंघलाई मान्यता प्रदान गरी यससँग सहकार्य गर्न चाहने र यसलाई सहानुभूति राख्ने ब्यक्ति र संस्थाहरुको ठूलो जमात मुलुकमा अझै रहेको हुँदा बित्तीय श्रोत परिचालनको कुरामा होस् वा सहकार्य गर्ने कुरामा होस् यो एउटा राम्रो मञ्चको रुपमा रही रहने संभावना सदैव देखिन्छ । तसर्थ सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय निकायहरुसँग परस्पर सहयोग, साझेदारी र सहकार्यको संभावना यद्यपि अझै छ ।

गैससहरुसँग कार्यमूलक साझेदारी

जिविस महासंघ स्थानीय स्वायत्त शासन प्रणाली, बिकेन्द्रिकरण, स्थानीय विकास र स्थानीय लोकतन्त्र प्रबर्धनको लागि एक भरपर्दो र मान्यता प्राप्त संस्थाको रुपमा रहेको र यसको राष्ट्रिय अन्तराष्ट्रियस्तरमा साझेदारी र सम्बन्ध रहेको जस्तो सबल पक्षहरुको उपयोग गरी विभिन्न गैससहरुले यससँग सहकार्य गर्नको लागि उत्साहित भएको पाइएको छ । त्यसै गरी महासंघले आफ्नो उद्देश्यको लागि विभिन्न संघ संस्थाहरुसँग सहकार्यको लागि प्रस्ताव गर्दा उनीहरुको छिट्टै सकारात्मक जवाफ आउन सक्ने संभावना भएकोले महासंघले गैससहरुसँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्न सक्ने प्रबल संभावना छ । यसलाई महासंघले अवसरको रुपमा प्रयोग गर्न सकिने अवस्था छ ।

परामर्श सेवा

महासंघ मान्यता प्राप्त र अनुभवी निकाय भएको हुँदा यसले आफ्नो संचालनको लागि सरकारी अनुदान र सदस्यता शुल्कमा मात्र भर पर्नु अहिलेको परिपेक्षमा सान्दर्भिक देखिदैन । स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, स्थानीय विकास तथा लोकतन्त्रको पक्षमा यसको संस्थागत अनुभव बिक्रीयोग्य भएको हुँदा यो सेवा प्रदायकको रुपमा समेत काम गर्ने संस्थाको रुपमा उभिन पुगेको हुँदा आफ्नो कार्यक्षेत्र र उद्देश्यको परिधि भित्र रही विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई नीति नियम तर्जुमा, क्षमता विकास र अध्ययन अनुसन्धान जस्ता क्षेत्रहरुमा परामर्श सेवाहरु प्रदान गर्न सक्ने र त्यसबाट आय आर्जनहरु गर्न सक्ने प्रयाप्त संभावना देखिन्छ । प्रतिस्पर्धात्मक तरिकाले समेत सेवा प्रदायकको रुपमा सेवा प्रदायकको रुपमा छनौट हुन सक्ने क्षमता महासंघले राख्न सक्ने हुँदा परामर्श सेवाको अवसरहरु पनि महासंघले पाउन सक्ने संभावना रहेको छ । महासंघले केहि समय अगाडि संस्थालाई मूल्य अभिबृद्धि करमा समेत दर्ता गरिसकेको हुँदा यो सेवा उत्पादन गर्ने ब्यवसायिक संस्थाको रुपमा विकास हुन सक्ने संभावना पनि छ ।

## २.२.४ संभावित चुनौती र समस्याहरु

बिद्यमान स्थानीय निकायहरुका संरचनाहरुको अस्तित्व माथि शंका

राज्य पुनर्संरचना तथा राज्यशक्तिको शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा प्रस्तावित ब्यवस्था अनुसार केन्द्रमा संघीय, क्षेत्रमा प्रान्तीय र सवैभन्दा तलको आधारभूत तहमा स्थानीय सरकारले एकात्मक र केन्द्रिय राजनीतिक ढाँचालाई विस्तापित गर्नेछ । स्थानीय तहमा ब्यवस्थापकीय, न्यायिक र कार्यपालिका सम्वन्धी अधिकारयुक्त एक निर्वाचित परिषद हुनेछ भनिएको छ । प्रान्तलाई आफ्नो क्षेत्रमा लागु हुने गरी कानुन बनाउने अधिकार हुनेछ । तर प्रान्तसँग बाँझिएको अवस्थामा संघीय कानुन मान्य हुने ब्यवस्था प्रस्ताव गरिएको छ । त्यसैगरी राज्यका विशेष संरचनाका रुपमा प्रदेश अन्तरगत स्वायत्त, विशेष र संरक्षित क्षेत्र रहन सक्ने प्रस्ताव समेत गरको छ । यी ब्यवस्थाहरुले स्थानीय निकायहरुको संवैधानिक ब्यवस्थाबाट नभई प्रान्तीय कानून बमोजिम गठन र संचालन हुने र प्रान्तीय सरकारको पूर्ण अधिनमा रहनु पर्ने अवस्था सृजना हुन सक्छ भने अर्को तर्फ प्रदेश भित्र गठन गरिने बिशेष संरचनाहरुले जिल्ला मात्रै हैन नगरपालिका र गाविसहरुको भूगोल र अस्तित्व नै के हुने भन्ने प्रश्न पनि जन्माउन सक्ने प्रबल संभावना छ ।

नयाँ संविधान सम्बन्धी संभावना

संघीयतामा प्रवेश गर्ने क्रममा केही मधेसी दलहरु बलियो स्थानीय सरकारको बिपक्षमा देखिएको छ भने संघीय प्रान्तहरुमा मात्र नीति निर्माताहरुको ध्यान केन्द्रित भैरहेको हुँदा स्थानीय सरकार र स्वायत्तताको कुरा नीति निर्माताहरुको प्राथमिकतामा परेको देख्न सकिएको छैन । यस सन्दर्भमा बन्ने नयाँ संविधानको क्रममा दुइवटा संभावित अवस्थाहरु हुन सक्ने छन् :

(१) संविधान समयमा नै बन्ने : त्यस अवस्थामा जिल्ला र जिविसहरुको संरचना रहने र न्यूनतम भूमिका दिइन सक्छ भने अर्को तर्फ जिल्ला तथा जिविसहरुको संरचना नरहने पनि हुन सक्छ ।

(२) संविधान समयमै नबन्ने र अन्तरिम काल लम्बिने पनि हुन सक्छ ।

# भाग ३
# रणनैतिक योजना

## ३.१ दीर्घकालिन दृष्टिकोण (Vision)

जिविस महासंघ नेपालको दीर्घकालिन दृष्टिकोण निम्न बमोजिम रहेको छ :

*"जिल्ला विकास समिति महासंघ नेपालको सरोकार : संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा स्वायत्त, समावेशी र सवल स्थानीय सरकार (जिल्ला, नगर र गाउँ) ।"*

## ३.२ ध्येय (Mission)

दीर्घकालिन दृष्टिकोणलाई मध्यनजर राखिकन जिविस महासंघ नेपालको ध्येय यस बमोजिम निर्धारण गरिएको छ :

*लोकतान्त्रिक, स्वायत्त, समावेशी स्थानीय सरकारको संवैधानिक ब्यवस्था गर्न तथा क्षमता विकासको माध्यमबाट सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।*

## ३.३ लक्ष (Goal)

जिविस महासंघको तत्कालिन लक्ष्य : ***लोकतान्त्रिक, स्वायत्त, समावेशी, सक्षम जिल्ला सरकारको स्थापनामा सहयोग पुऱ्याउने*** रहेको छ ।

## ३.४ उद्देश्यहरु (Objectives)

जिविस महासंघको उपरोक्त लक्ष्यहरुमा पुग्नको लागि उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

- मुलुकमा दीगो शान्ति स्थापना गर्न सहयोग पुऱ्याउने
- जिल्ला सरकारको संवैधानिक ब्यवस्थाको लागि पहल गर्ने ।
- समावेशी लोकतन्त्रको संस्थागत विकासको लागि पक्षपोषण गर्ने ।
- दीगो एवं सहभागितामूलक विकासको लागि जिम्मेवार, प्रभावकारी र पारदर्शी स्थानीय शासन पद्धतिको प्रबर्धन गर्ने ।

## ३.५ रणनीतिहरु (Strategies)

उपरोक्त उद्देश्यहरु हासिल गर्न महासंघको रणनीतिहरु निम्न बमोजिम हुनेछन् :

- स्थानीय स्वायत्त शासनको प्रत्याभूति तथा स्थानीय सरकारहरुको संवैधानिक अधिकारहरुको ब्यवस्थाको लागि पैरबी, लबिङ्ग र पक्षपोषण गर्ने
- जिविस महासंघ नेपालको भूमिका बिस्तार गर्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका सम्बन्धित तथा शुभचिन्तक सरोकारवालाहरुसँग सञ्जाल/सम्वन्ध विस्तार गर्ने
- स्थानीय स्वायत्त शासन तथा दीगो स्वायत्तताको लागि अध्ययन तथा अनुसन्धानका कार्यहरु गर्ने ।
- जिविस महासंघ नेपाल र सदस्य जिल्ला विकास समितिहरुको सुदृढीकरण र सबलिकरणका लागि श्रोत साझेदारीमा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

## ३.६ मुख्य कार्यक्रमहरु

**रणनीति १ : पैरबी, लबिङ्ग र पक्षपोषणसँग सम्बन्धित कार्यक्रमहरु**

- जिल्ला, क्षेत्रीय, राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा स्थानीय स्वायत्त शासन सम्बन्धी संवैधानिक अधिकार तथा कानूनी व्यवस्था बारे गोष्ठी, सेमिनार तथा दवावमूलक कार्यक्रमहरु आयोजना गर्ने

**दीर्घकालिन दृष्टिकोण (Vision)**

"जिल्ला विकास समिति महासंघ नेपालको सरोकार : संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा स्वायत्त, समावेशी र सवल स्थानीय सरकार (जिल्ला, नगर र गाउँ) ।"

↑

**ध्येय (Mission)**

लोकतान्त्रिक, स्वायत्त, समावेशी स्थानीय सरकारको संवैधानिक ब्यवस्था गर्न तथा क्षमता विकासको माध्यमबाट सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।

↑

**लक्ष (Goal)**

लोकतान्त्रिक, स्वायत्त, समावेशी, सक्षम जिल्ला सरकारको स्थापनामा सहयोग पुऱ्याउने

↑

**उद्देश्यहरु (Objectives)**

- मुलुकमा दीगो शान्ति स्थापना गर्न सहयोग पुऱ्याउने
- जिल्ला सरकारको संवैधानिक ब्यवस्थाको लागि पहल गर्ने ।
- समावेशी लोकतन्त्रको संस्थागत विकासको लागि पक्षपोषण गर्ने ।
- दीगो एवं सहभागितामूलक विकासको लागि जिम्मेवार, प्रभावकारी र पारदर्शी स्थानीय शासन पद्धतिको प्रबर्धन गर्ने ।

↑

**रणनीतिहरु (Strategies)**

रणनीति १ : पैरबी, लबिङ्ग र पक्षपोषण

रणनीति २ : संजाल र सम्बन्ध बिस्तार

रणनीति ३ : अध्ययन तथा अनुसन्धान

रणनीति ४ : क्षमता विकास

स्थानीय विकासका नीतिगत मामिलाहरुमा निर्णय गर्दा स्थानीय सरकार तथा संघ महासंघहरुको भूमिकाको लागि अन्तरक्रिया तथा गोष्ठीहरु संचालन गर्ने

- स्थानीय स्वायत्त शासनको लागि संचार माध्यम परिचालन गर्ने ।
- नीतिगत बिषयहरुमा गाविस महासंघ तथा नगरपालिका संघहरुसंग साझेदारी संयन्त्र गठन गरी बैठक तथा अन्तरक्रियाहरु गर्ने
- संघीय तथा प्रान्तीय ब्यवस्थापिकामा स्थानीय सरकारहरुको भूमिका तथा प्रतिनिधित्वको लागि सचेतनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय शासनसँग सम्बन्धित मामिलाहरुमा संविधान तथा कानून निर्माण तथा संसोधन दुवैको लागि स्थानीय सरकारहरु तथा संघ महासंघहरुको भूमिका ग्यारेन्टीको लागि पैरवी गर्ने ।

**रणनीति २ : संजाल र सम्बन्ध बिस्तार सम्बन्धी कार्यक्रमहरु**

- संघीय सरकार र प्रान्तीय सरकारहरु स्थापना भएपछि तिनीहरुसँग कार्यमूलक तथा सुमधुर सम्बन्ध स्थापना गर्न बैठक तथा छलफल कार्यक्रमहरु आयोजना गर्ने ।
- स्थानीय स्वायत्त शासनको पक्षमा काम गर्ने स्थानीय संघ संस्थाहरु, गाविस राष्ट्रिय महासंघ नेपाल तथा नेपाल नगरपालिका संघ र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँग सम्पर्क बढाउन नियमित अन्तरक्रिया/परामर्श/बैठकहरु आयोजना गर्ने ।
- विभिन्न मुलुकहरुका स्थानीय सरकार संघहरु र अन्तराष्ट्रिय स्तर गठन भएका संगठनहरुसंग सम्बन्ध बिकास र सहकार्यहरु गर्न अनुभव तथा भ्रमण आदनप्रदान गर्ने
- विभिन्न सरकारी, गैरसरकारी, निजी क्षेत्र, सहकारी, समुदायिक तथा बिषयगत क्षेत्र/संघ महासंघहरुसँग निर्णायक प्रतिनिधित्व र सहकार्यको लागि अन्तरक्रियाहरु गर्ने ।
- विभिन्न संघ संस्थाहरु बीच बिज्ञता तथा प्रविधिहरु आदानप्रदान गर्ने ।

**रणनीति ३ : अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित कार्यक्रमहरु**

- स्थानीय स्वायत्त शासनको अवधारणा र संविधान सभा अन्तरगत बाहिर आएका प्रतिवेदन वा संविधानका मस्यौदाहरुमा देखिएका असामञ्ज्यता र अन्तरहरु (Gaps)बारे अध्ययन र बिश्लेषण गर्ने ।
- स्थानीय सरकारहरुको लागि सन्निकटताको सिद्धान्त बमोजिम अधिकार तथा श्रोत बाँडफाँडको लागि अध्ययन अनुसन्धान तथा पैरबी गर्ने ।
- स्थानीयस्तरमा दीगो शान्ति, समावेशी लोकतन्त्र र सहभागीमूलक विकास विभिन्न आयामहरुबारेमा अध्ययन अनुसन्धान गर्ने ।
- संघीय ब्यवस्थामा स्थानीय सरकारहरुको पुर्नसंरचना, सीमाना निर्धारण र नामांकनको लागि अध्ययन अनुसन्धानका कार्यक्रम संचालन गर्ने
- स्थानीय सरकार तथा समुदायहरुले गरेका अनुकरणीय तथा सफल अभ्यासहरुको प्रचारप्रसार गर्ने
- जिल्ला सरकारहरुको संस्थागत संरचना र विकासको लागि आवश्यक अनुसन्धान कार्यहरु गर्ने ।
- आर्थिक, सामाजिक, वातावरणीय विकास तथा सामाज कल्याणको लागि स्थानीय सरकारहरुको योगदान बढाउन नीतिगत अध्ययन अनुसन्धान गर्ने

- राष्ट्रिय मुद्दासंग सम्बन्धित बिषयहरु र महासंघले गरेका क्रियाकलापहरुबारे सूचना संकलन, बिश्लेषण, अध्यावधिक, अभिलेखिकरण गरी सुचना संजालको माध्यमबाट प्रवाह गर्ने ।

**रणनीति ४ : क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरु**

- जिविस महासंघको संस्थागत क्षमता विकासका लागि नीति तथा योजना बनाई कार्यान्वयन गर्ने । (कर्मचारी सेवा सुविधाको सुनिश्चतता समेत)
- जिविसहरुको क्षमता विकास नीति तथा योजनाहरु बनाउन सहजिकरण गर्ने ।
- दीगो विकास तथा सार्वजनिक व्यवस्थापनका क्षेत्रहरुमा जिविसहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु आयोजनाको लागि सहजिकरण गर्ने
- उर्जा विकासका लागि नीगिगत पक्षहरु, नयाँ प्रविधि बिस्तार र ललितपुर घोषणपत्र बमोजिम विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वातावरणीय परिवर्तनसँग अनुकूलन तथा त्यसले पारेका नकारात्मक प्रभावहरुको न्यूनिकरण एवं प्रकोप व्यवस्थापनका लागि जिल्ला सरकारहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने

# भाग ४
# प्राथमिक कार्यहरु

## रणनीति १ : पैरबी, लबिङ्ग र पक्षपोषण

- जिल्ला सरकारहरुको आँवश्यकता र औचित्य बारे जिल्लास्तरी अन्तरक्रिया कार्यक्रमहरु आयोजना गर्ने
- जिल्ला सरकारको सम्बन्धमा जिल्लाहरुमा गरिएका अन्तरक्रिया कार्यक्रमहरुबारे नीति निर्माताहरुलाई जानकारी गर्ने र छलफल गर्ने
- स्थानीय निकायको निर्वाचनको लागि दवाव सृजना गर्न स्थानीय निकाय संघ महासंघसँग बैठकहरु आयोजना गर्ने र कानूनी उपचारको लागि अदालती प्रक्रिया अगाडि बढाउने
- स्थानीय स्वायत्त शासन सम्बन्धी संवैधानिक अधिकार तथा कानूनी ब्यवस्था बारे गोष्ठी आयोजना गर्ने
- स्थानीय स्वायत्त शासनको बारे रेडियो र प्रिन्ट मेडिया (नियमित प्रकाशन समेत) मार्फत प्रचार प्रसार गर्ने
- संघीय तथा प्रान्तीय ब्यवस्थापिकामा स्थानीय सरकारहरुको भूमिका तथा प्रतिनिधित्वको लागि सचेतनामूलक गोष्ठी आयोजना गर्ने ।

## रणनीति २ : संजाल र सम्बन्ध बिस्तार

- स्थानीय स्वायत्त शासनको पक्षमा काम गर्ने सरोकारवालाहरु बिच सम्बन्ध विकास तथा साझेदारी विकासको लागि अन्तरक्रिया आयोजना गर्ने
- स्थानीय स्वायत्त शासनको पक्षमा काम गर्ने स्थानीय संघ संस्थाहरु, गाविस राष्ट्रिय महासंघ नेपाल तथा नेपाल नगरपालिका संघ र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँग परामर्श बैठक आयोजना गर्ने ।
- विभिन्न मुलुकहरुका स्थानीय सरकार संघहरु र अन्तराष्ट्रिय स्तर गठन भएका संगठनहरुसंग सम्बन्ध बिकास र सहकार्यहरु गर्न अनुभव तथा भ्रमण आदनप्रदान गर्ने

## रणनीति ३ : अध्ययन तथा अनुसन्धान

- स्थानीय स्वायत्त शासनको अवधारणा र संविधान सभा अन्तरगत बाहिर आएका प्रतिवेदन वा संविधानका मस्यौदाहरुमा देखिएका असामञ्जस्यता र अन्तरहरु (Gaps)बारे अध्ययन र बिश्लेषण गर्ने ।
- स्थानीय सरकारहरुको लागि सन्निकटताको सिद्धान्त बमोजिम अधिकार तथा श्रोत बाँडफाँडको लागि अध्ययन अनुसन्धान तथा पैरबी गर्ने ।
- स्थानीयस्तरमा दीगो शान्ति, समावेशी लोकतन्त्र र सहभागीमूलक स्थानीय विकास विभिन्न आयामहरुबारेमा अध्ययन गर्ने ।
- संघीय ब्यवस्थामा स्थानीय सरकारहरुको पुर्नसंरचना, सीमाना निर्धारण र नामांकनको लागि अध्ययन अनुसन्धानका कार्यहरु संचालन गर्ने
- अन्तराष्ट्रियस्तरमा बिद्यमान बित्तीय निक्षेपण (श्रोतको संरचना, कामको बाँडफाँड र प्रशासनिक संयन्त्र) बारे अध्ययन गर्ने
- आव २०६४/६५र २०६५/६६ को ७५ जिल्लाहरुको वित्तीय तथ्यांक अध्यावधिक गर्ने र प्रकाशन गर्ने
- स्थानीय सरकार तथा समुदायहरुले गरेका अनुकरणीय तथा सफल अभ्यासहरुको प्रचारप्रसार गर्ने
- जिल्ला सरकारहरुको संस्थागत संरचना र विकासको लागि आवश्यक अनुसन्धान कार्यहरु गर्ने ।
- आर्थिक, सामाजिक, वातावरणीय विकास तथा सामाज कल्याणको लागि स्थानीय सरकारहरुको योगदान बढाउन नीतिगत अध्ययन गर्ने

- राष्ट्रिय मुद्दासंग सम्बन्धित बिषयहरु र महासंघले गरेका क्रियाकलापहरुबारे सूचना संकलन, बिश्लेषण, अध्यावधिक, अभिलेखिकरण गरी सुचना संजालको माध्यमबाट प्रवाह गर्ने ।
- केन्द्रीय तथा स्थानीय सरकारहरुको वित्तीय कर संरचना अध्ययन गरी नीतिगत सुधारको लागि सुझाव पत्र तयार गर्ने
- कम्प्युटर लेखा प्रणाली सम्बन्धी बिद्यमान अवस्था बारे अध्ययन गर्ने

**<u>रणनीति ४ : क्षमता विकास</u>**

- जिविस महासंघको संस्थागत क्षमता विकासका लागि रणनीति तथा योजना बनाई कार्यान्वयन गर्ने
- जिविसले तर्जुमा गरेको क्षमता विकास नीति तथा योजनाहरु कार्यान्वयनमा गुणस्तर नियन्त्रणको लागि मन्त्रालय तथा अन्य सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गर्ने
- दीगो विकास तथा सार्वजनिक व्यवस्थापनका क्षेत्रहरुमा जिविसहरुको क्षमता अभिबृद्धिका लागि अन्तरक्रिया कार्यक्रमहरु आयोजनाको गर्ने
- उर्जा विकासका लागि नीगिगत पक्षहरु, नयाँ प्रविधि बिस्तार र ललितपुर घोषणपत्रबारे जिल्लाहरुसँग सचेतनात्मक गोष्ठीहरु आयोजना गर्ने
- अन्य निकायहरुसँग साझेदारी गरी जिविसका राजनैतिक संयन्त्रहरुलाई स्थानीय स्वायत्त शासन सम्बन्धी व्यवस्था, निर्णय प्रक्रिया, योजना तर्जुमा र अनुगमन सम्बन्धी अनुशिक्षण प्रदान गर्ने
- जलवायु परिवर्तनसँग अनुकुलनता र त्यसले पारेका नकारात्मक प्रभाव न्यूनिकरणको लागि जिविसहरुलाई सचेत गर्न दिइने अनुशिक्षण कार्यक्रमको प्याकेज निर्माण गर्ने र अनुशिक्षण दिने
- सीमान्तकृत महिलाहरुलाई स्थानीय लोकतन्त्र तथा शासनमा सहभागीता बढाउन लक्षित कार्यक्रम संचालन गर्न परियोजना दस्तावेज तयार गरी दातृ निकायहरु समक्ष पेश गर्ने
- जिविसहरुको श्रोत परिचालनहरु सम्बन्धी समस्या र समाधानको बिषयमा अन्तरक्रिया गर्ने
- न्युनतम शर्त र कार्य सम्पादन मूल्यांकन प्रणाली र सूचकहरुको बिषयमा जिविसहरुसँग अन्तरक्रिया गर्ने

# भाग ५
# कार्यान्वयन

रणनैतिक योजनालाई कार्यान्वयन गर्न निम्न बमोजिम कार्यान्वयनको रणनीति अलम्बन गरिने छन् :

- रणनैतिक योजनाको सफलता पूर्वक कार्यान्वयनले नै महासंघको अस्तित्व, कार्यक्षमता र प्रभावकारिता निर्भर रहने हुँदा त्यसको कार्यान्वयनको लागि महासंघको प्रवक्ताको अध्यक्षमतामा तीन सदस्यीय योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिने छ । कार्यान्वयन तथा अनुगमन समितिमा निम्न अनुसारका पदाधिकारीहरु रहने छन् :

  (१) अध्यक्ष : प्रवक्ता, जिविस महासंघ नेपाल

  (२) सदस्य : सल्लाहमा तोकिउको कुनै कार्यसमिति सदस्य

  (३) सचिव : कार्यकारी महासचिव

- रणनैतिक कार्यहरु अन्तरगत प्राथमिक कार्यहरुलाई तिनीहरुको प्राथमिकता क्रम अनुसार बार्षिक कार्ययोजनामा समावेश गरी कार्यान्वयन गरिने छन् ।

- रणनैतिक कार्यहरुको बिषय र प्रकृति अनुसार तिनीहरुको कार्यान्वयनको लागि सम्बन्धित विभाग वा इकाइले संयोजनकारी भूमिका खेल्ने छ ।

- योजनाको कार्यान्वयनको लागि आन्तरिक जनशक्ति वा क्षमताले नभ्याएको अवस्थामा बाह्य करार सेवा मार्फत पनि कार्यान्वयन गर्ने काम अगाडिब बढाइने छ ।

- रणनैतिक कार्यहरु कार्यान्वयन गर्नु पूर्व त्यो कार्यको औचित्य, लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धी, कार्यान्वयन प्रक्रिया, श्रोत परिचालन, अनुगमन तथा मूल्यांकन विधिहरु समावेश भएको कार्यक्रम कार्यान्वयन ढाँचा तया गरिने छ । त्यस ढाँचामा महासंघ भित्र प्रयाप्त छलफल गरिसके पछि मात्र कार्यान्वयनमा लगिने छ ।

- कार्यक्रम कार्यान्वयन गर्दा कार्यकारी महासचिवले नेतृत्वदायी भूमिका रहने छ  भने आवश्यकता अनुसार महासंघको अन्य कर्मचारीहरुको सहयोग रहने छ ।

- कार्यक्रम कार्यान्वयन पूर्व गरिने कार्यक्रम कार्यान्वयन ढाँचा तयार गर्दा कार्यसमितिका सदस्यहरुसँग परामर्श गर्ने ब्यवस्था मिलाइने छ साथै कार्यान्वयनमा आवश्यक सहयोग र अनुगमनमा उनीहरुको संग्लग्नता रहने छ ।

- कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि साझेदारी निकायहरु पहिचान गरी उनीहरुसँग सहकार्य गर्नको लागि आवश्यक पहल गरिने छ । श्रोत परिचालन र सिनर्जीको लागि यस्ले महत्वपूर्ण भूमिका खेल्नेछ ।

## भाग ६
## बजेटका श्रोतहरु, सहयोगी निकायहरु र परिचालन

रणनैतिक योजना अन्तरगत प्राथमिकतामा परेका मुख्य क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि निम्न बजेटका श्रोतहरु परिचालन गरिने छन् ।

(१) स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट प्राप्त अनुदान

(२) स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराएको अनुदान रकम

(३) बैकल्पिक उर्जा प्रबर्धन केन्द्रबाट उपलब्ध गराएको अनुदान रकम

(४) दातृ निकायहरुबाट उपलब्ध हुने आर्थिक सहयोगहरु

## भाग ७
## अनुगमन तथा मूल्यांकन प्रणाली

- रणनैतिक योजनाको कार्यान्वयन तथा अनुगमनको काम भाग ५ मा उल्लेख भए बमोजिम कार्यान्वनय समितिले नै गर्नेछ ।
- अनुगमनको लागि प्रत्येक चौमासिकमा अनिवार्य १ पटक र आवश्यकता अनुसार अरु बैठकहरु बस्न सकिने छ ।
- बार्षिक रुपमा योजना कार्यान्वयनको समीक्षा गर्नु पर्ने छ । योजना कार्यान्वयनमा देखिएका प्रगति र समस्याहरुको बारेमा बार्षिक रुपमा बस्ने कार्यसमितिको बैठकमा प्रस्तुत गरी छलफल गर्नु पर्नेछ ।
- कार्यसमितिको बैठकले दिएको सुझाव बमोजिम रणनैतिक योजनाको प्राथमिक कार्यहरुको प्राथमिकीक्रममा हेरफेर गर्न सकिने छ भने आवश्यकता र औचित्यता प्रमाणित हुने गरी नयाँ रणनैतिक कार्यहरु समावेश गर्न सकिनेछ ।

## अनुसूची १

## जिविस महासंघको सबल, दुर्बल, अवसर र चुनौतीहरुको बिश्लेषण (SWOT Analysis)

| सबलपक्ष | कमजोर पक्ष |
|---|---|
| • ऐन कानूनद्धारा मान्यता प्राप्त<br>• ७५ वटै जिल्लासँग संजाल स्थापित भएको<br>• स्थानीय स्वायत्त शासन तथा बिकेन्द्रिकरणको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा वकालत र पक्षपोषण गर्ने अनुभव तथा क्षमता<br>• संघीयता र स्थानीय शासनको क्षेत्रहरुमा अध्ययन अनुसन्धान सम्बन्धी अनुभव<br>• स्थानीय सरकार सम्बन्धी सूचनामूलक सन्दर्भ सामाग्रीहरुको उपलब्धता<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुमा प्रतिनिधित्व<br>• जिविसहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने क्षमता<br>• नेपाल सरकार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य र साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरेको अनुभव<br>• सर्बदलीय सहमतिमा निर्णय गर्ने परम्परा<br>• संस्थाको अचल सम्पत्तिको रुपमा आफ्नै जग्गा रहेको | • कमजोर आर्थिक अवस्था<br>• आर्थिक कारणले बोर्डको नियमित बैठक बस्न नसकेको<br>• जिविसको सर्वदलीय संयन्त्रसँगको सम्बन्ध कमजोर हुनु<br>• जिविसहरुसँग अन्तरक्रिया प्रयाप्त नहुनु<br>• जिविसहरुलाई अपेक्षा अनुरुप सेवा उपलव्ध गराउने क्षमताको कमी<br>• नयाँ संविधान निर्माण तथा राज्यको पुनर्संरचनाको सन्दर्भमा स्थानीय स्वायत्त शासन प्रणालीको लागि प्रयाप्त बहस र पैरबीमा कमी<br>• सूचनाको प्रवाह ब्यवस्थित हुन नसक्नु<br>• समय सापेक्ष सचिवालय तथा कार्यसमितिको क्षमताको अध्यावधिक हुन नसकेको<br>• भौतिक श्रोत साधनको कमी (जस्तै भवन)<br>• स्पष्ट र समयबद्ध कार्ययोजना बनाई काम गर्न नसकिएको<br>• आवश्यकता अनुसार जनशक्ति प्रयाप्त नदेखिएको<br>• बिद्यमान जनशक्तिको कार्यक्षमता अपेक्षितरुपमा प्रयाप्त नदेखिएको<br>• श्रोत परिचालन गर्ने क्षमता कमजोर रहेको |
| **अवसर र संभावना** | **चुनौतीहरु** |
| • नयाँ संविधानको निर्माण र राज्यको पुर्नसरचनाको कार्यहरुमा सहभागिता तथा भूमिका बिस्तार<br>• जिविस महासंघ प्रति दातृनिकायहरु तथा अन्य संघ संस्थाहरुको सहयोग र सद्भाव रहेको<br>• नेपाल सरकार तथा दातृ निकायहरुबाट श्रोत परिचालन गर्न सकिने<br>• विभिन्न गैर सरकारी संस्थाहरु तथा निजी क्षेत्रहरु महासंघसँग सहकार्यमा आउन इच्छुक रहेको<br>• सदस्य जिविसहरुबाट श्रोत परिचालन गर्न सकिने | • स्थानीय सरकारहरुमा जननिर्वाचित प्रतिनिधिहरु नहुनु<br>• अन्तरिम/संक्रमण काल भएको कारणले देशको राजनैतिक अवस्थामा अन्यौलता र अस्थिरता कायमै रहनु<br>• स्थानीय सरकारहरु खास गरी जिल्ला सरकारको बारे र उनीहरुले पाउने अधिकार र श्रोतहरुको बारेमा राजनैतिक दलहरुको फरक फरक दृष्टिकोण हुनु<br>• जिल्लाको संरचना रहने वा नरहने स्पष्ट धारणा बन्न सकेको<br>• स्थानीय सरकार बलियो भए संघीयता कमजोर हुन्छ वा संघीयता बलियो भए स्थानीय सरकार कमजोर हुन्छ भन्ने दुवै खाले दृष्टिकोण देखिएको |

# अनसूची २

## कार्य समितिका पदाधिकारीहरु

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | ऋषि राज लुम्साली | का.वा. अध्यक्ष |
| २ | कृष्ण प्रसाद जैसी | प्रवक्ता |
| ३ | माधव पौडेल | सदस्य |
| ४ | लाल कुमार के.सि. | सदस्य |
| ५ | गोबिन्द दुवाल | सदस्य |
| ६ | तुल्सी प्रसाद न्यौपाने | सदस्य |
| ७ | लिला नाथ श्रेष्ठ | सदस्य |
| ८ | तीर्थ बहादुर बुढा | सदस्य |
| ९ | तेज नारायण यादव | सदस्य |
| १० | बोम बहादुर खत्री | सदस्य |
| ११ | जीवन बहादुर शाही | सदस्य |
| १२ | रज्जीउद्दिन आलम | सदस्य |
| १३ | टेक बहादुर खाँड | सदस्य |
| १४ | चित्र थापा | सदस्य |
| १५ | माया भट्ट | सदस्य |
| १६ | भरत बहादुर खड्का | सदस्य |
| १७ | जगन्नाथ थपलिया | सदस्य |
| १८ | निर्मल कुमार गौचन | सदस्य |
| १९ | राजेन्द्र प्रसाग अग्रहरी | सदस्य |
| २० | दीप बहादुर शाही | सदस्य |
| २१ | अर्जुन राई | सदस्य |
| २२ | रमेश शर्मा | सदस्य |

## अनसूची ३ :
## कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | इकाइ |
|---|---|---|---|
| १ | हेमराज लामिछाने | कार्यकारी महासचिव | |
| २ | दयासागर श्रेष्ठ | परियोजना संयोजक एवं थिम लिडर (शासन तथा लोकतन्त्र) | |
| ३ | नवराज कोइराला | स्थानीय सरकार वित्त विज्ञ | स्थानीय सरकार बित्तीय इकाइ |
| ४ | अनिल काफ्ले | उर्जा तथा वातावरण अधिकृत | प्राकृतिक श्रोत, उर्जा तथा वातावारण इकाइ |
| ५ | राजु श्रेष्ठ | प्रशासन तथा लेखा अधिकृत | प्रशासन तथा लेखा इकाइ |
| ६ | दिनेश श्रेष्ठ | सूचना प्रविधि सहयोगी | सूचना ब्यवस्थापन इकाइ |
| ७ | राजेन्द्र श्रेष्ठ | तथ्यांक सहायक | सूचना ब्यवस्थापन इकाइ |
| ८ | शारदा अधिकारी | अफिस सेक्रेटरी | प्रशासन तथा लेखा इकाइ |
| ९ | रुक्मिणी नेपाल | अभिलेख सहायक | सूचना ब्यवस्थापन इकाइ |
| १० | मुकुन्द महर्जन | सिनियर ड्राइभर | प्रशासन तथा लेखा इकाइ |
| ११ | एक बहादुर गरुङ्ग | रनर | प्रशासन तथा लेखा इकाइ |
| १२ | बसन्ती थापा | पियन | प्रशासन तथा लेखा इकाइ |
| १३ | राजेन्द्र बस्नेत | गार्ड | प्रशासन तथा लेखा इकाइ |

**जिल्ला विकास समिति महासंघ नेपाल**

**कार्ययोजना तथा बजेट तालिका**

| क्र.स. | क्रियाकलाप | लक्षित समूह | समय | बजेट रकम आव अनुसार | | | बजेट श्रेत | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | LGCDP | मन्त्रालय | NAREE | | |
| **रणनीति १ पैरबी, लबिङ्ग र पक्षपोषणसँग सम्बन्धित कार्यक्रमहरु** | | | | | | | | | | | |
| | जिल्ला सरकारहरुको आँवश्यकता र औचित्य बारे जिल्लास्तरी अन्तरक्रिया कार्यक्रमहरु आयोजना गर्ने | जिल्ला स्थित राजनैतिक दलहरु, कार्यालय प्रमुख तथा नागरिक समाज | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | जिल्ला सरकारको सम्बन्धमा जिल्लाहरुमा गरिएका अन्तरक्रिया कार्यक्रमहरुबारे नीति निर्माताहरुलाई जानकारी गर्ने र छलफल गर्ने | संविधान सभाका सदस्य, राजनैतिक दलहरु र नागरिक समाज | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | स्थानीय निकायको निर्वाचनको लागि दवाव सृजना गर्न स्थानीय निकाय संघ महासंघसँग बैठकहरु आयोजना गर्ने र कानूनी उपचारको लागि अदालती प्रक्रिया अगाडि बढाउने | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | स्थानीय स्वायत्त शासन सम्बन्धी संवैधानिक अधिकार तथा कानूनी व्यवस्था बारे गोष्ठी आयोजना गर्ने | संविधान सभाका सदस्य, राजनैतिक दलहरु र नागरिक समाज | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | स्थानीय स्वायत्त शासनको बारे रेडियो र प्रिन्ट मेडिया ( नियमित प्रकाशन समेत) मार्फत प्रचार प्रसार गर्ने | स्थानीय जनसमुदायहरु | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |

| क्र.स. | क्रियाकलाप | लक्षित समूह | समय | बजेट रकम आव अनुसार | | | बजेट श्रेत | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | LGCDP | मन्त्रालय | NAREE | | |
| | संघीय तथा प्रान्तीय व्यवस्थापिकामा स्थानीय सरकारहरुको भूमिका तथा प्रतिनिधित्वको लागि सचेतनामूलक गोष्ठी आयोजना गर्ने । | स्थानीय सरकारका प्रतिनिधिहरु | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| **रणनीति २ नेटवर्क र सम्बन्ध बिस्तार सम्बन्धी कार्यक्रमहरु** | | | | | | | | | | | |
| | स्थानीय स्वायत्त शासनको पक्षमा काम गर्ने सरोकारवालाहरु बिच सम्बन्ध विकास तथा साझेदारी विकासको लागि अन्तरक्रिया आयोजना गर्ने | स्थानीय निकाय संघ महासंघहरु, स्थानीय स्वायात्त शासनका पक्षमा काम गर्ने स्वतन्त्र निकाय तथा व्यक्तिहरु | | | | | | | | स्थानीय स्वायत्त शासन विभाग | |
| | स्थानीय स्वायत्त शासनको पक्षमा काम गर्ने स्थानीय संघ संस्थाहरु, गाविस राष्ट्रिय महासंघ नेपाल तथा नेपाल नगरपालिका संघ र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँग परामर्श बैठक आयोजना गर्ने । | स्थानीय निकाय संघ महासंघहरु | | | | | | | | स्थानीय स्वायत्त शासन विभाग | |
| | विभिन्न मुलुकहरुका स्थानीय सरकार संघहरु र अन्तराष्ट्रिय स्तर गठन भएका संगठनहरुसंग सम्बन्ध बिकास र सहकार्यहरु गर्न अनुभव तथा भ्रमण आदनप्रदान गर्ने | महासंघका पदाधिकारी तथा व्यवसायिक कर्मचारीहरु | | | | | | | | स्थानीय स्वायत्त शासन विभाग | |
| **रणनीति ३ अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित कार्यक्रमहरु** | | | | | | | | | | | |

| क्र.स. | क्रियाकलाप | लक्षित समूह | समय | बजेट रकम आव अनुसार | | | बजेट श्रेत | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | LGCDP | मन्त्रालय | NAREE | | |
| | स्थानीय स्वायत्त शासनको अवधारणा र संविधान सभा अन्तरगत बाहिर आएका प्रतिवेदन वा संविधानका मस्यौदाहरुमा देखिएका असामञ्जस्यता र अन्तरहरु ( Gaps)बारे अध्ययन र बिश्लेषण गर्ने । | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | स्थानीय सरकारहरुको लागि सन्निकटताको सिद्धान्त बमोजिम अधिकार तथा श्रोत बाँडफाँडको लागि अध्ययन अनुसन्धान तथा पैरबी गर्ने । | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | स्थानीयस्तरमा दीगो शान्ति, समावेशी लोकतन्त्र र सहभागीमूलक स्थानीय विकास विभिन्न आयामहरुबारेमा अध्ययन गर्ने । | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | संघीय ब्यवस्थामा स्थानीय सरकारहरुको पुर्नसंरचना, सीमाना निर्धारण र नामांकनको लागि अध्ययन अनुसन्धानका कार्यहरु संचालन गर्ने | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | अन्तराष्ट्रियस्तरमा बिद्यमान बित्तीय निक्षेपण (श्रोतको संरचना, कामको बाँडफाँड र प्रशासनिक संयन्त्र) बारे अध्ययन गर्ने | जिविस तथा सीमान्तकृत समुदायहरु | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | आव २०६४/६५र २०६५/६६ को ७५ जिल्लाहरुको वित्तीय | जिविस तथा सीमान्तकृत | | | | | | | | सूचना, अनुसन्धान | |

| क्र.स. | क्रियाकलाप | लक्षित समूह | समय | बजेट रकम आव अनुसार | | | बजेट श्रेत | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | LGCDP | मन्त्रालय | NAREE | | |
| | तथ्यांक अध्यावधिक गर्ने र प्रकाशन गर्ने | समुदायहरु | | | | | | | | तथा पैरवी विभाग | |
| | स्थानीय सरकार तथा समुदायहरुले गरेका अनुकरणीय तथा सफल अभ्यासहरुको प्रचारप्रसार गर्ने | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | जिल्ला सरकारहरुको संस्थागत संरचना र विकासको लागि आवश्यक अनुसन्धान कार्यहरु गर्ने । | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | आर्थिक, सामाजिक, वातावरणीय विकास तथा सामाज कल्याणको लागि स्थानीय सरकारहरुको योगदान बढाउन नीतिगत अध्ययन गर्ने | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | राष्ट्रिय मुद्दासंग सम्बन्धित बिषयहरु र महासंघले गरेका क्रियाकलापहरुबारे सूचना संकलन, बिश्लेषण, अध्यावधिक, अभिलेखिकरण गरी सुचना संजालको माध्यमबाट प्रवाह गर्ने । | | | | | | | | | सूचना, अनुसन्धान तथा पैरवी विभाग | |
| | केन्द्रीय तथा स्थानीय सरकारहरुको वित्तीय कर संरचना अध्ययन गरी नीतिगत सुधारको लागि सुझाव पत्र तयार गर्ने | जिविस तथा सीमान्तकृत समुदायहरु | | | | | | | | बित्तीय विकेन्द्रिकरण विभाग | |
| | कम्प्युटर लेखा प्रणाली सम्बन्धी बिद्यमान अवस्था बारे अध्ययन गर्ने | | | | | | | | | बित्तीय विकेन्द्रिकरण विभाग | |

| क्र.स. | क्रियाकलाप | लक्षित समूह | समय | बजेट रकम आव अनुसार | | | बजेट श्रेत | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | LGCDP | मन्त्रालय | NAREE | | |
| **रणनीति ४ क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरु** | | | | | | | | | | | |
| | जिविस महासंघको संस्थागत क्षमता विकासका लागि रणनीति तथा योजना बनाई कार्यान्वयन गर्ने | जिविस महासंघ | | | | | | | | कार्यकारी महासचिव | |
| | जिविसले तर्जुमा गरेको क्षमता विकास नीति तथा योजनाहरु कार्यान्वयनमा गुणस्तर नियन्त्रणको लागि मन्त्रालय तथा अन्य सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गर्ने | जिविस तथा गाविसहरु | | | | | | | | स्थानीय स्वायत्त शासन विभाग | |
| | दीगो विकास तथा सार्वजनिक व्यवस्थापनका क्षेत्रहरुमा जिविसहरुको क्षमता अभिबृद्धिका लागि अन्तरक्रिया कार्यक्रमहरु आयोजनाको गर्ने | जिविसहरु | | | | | | | | स्थानीय स्वायत्त शासन विभाग | |
| | उर्जा विकासका लागि नीगिगत पक्षहरु, नयाँ प्रविधि बिस्तार र ललितपुर घोषणपत्रबारे जिल्लाहरुसँग सचेतनात्मक गोष्ठीहरु आयोजना गर्ने | जिविसहरु | | | | | | | | प्राकृतिक श्रोत, उर्जा तथा वातावरण इकाइ | |
| | अन्य निकायहरुसँग साझेदारी गरी जिविसका राजनैतिक संयन्त्रहरुलाई स्थानीय स्वायत्त शासन सम्बन्धी व्यवस्था, निर्णय प्रक्रिया, योजना तर्जुमा र अनुगमन सम्बन्धी अनुशिक्षण प्रदान गर्ने | जिविसहरु | | | | | | | | स्थानीय स्वायत्त शासन विभाग | |

| क्र.स. | क्रियाकलाप | लक्षित समूह | समय | बजेट रकम आव अनुसार | | | बजेट श्रेत | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | LGCDP | मन्त्रालय | NAREE | | |
| | जलवायु परिवर्तनसँग अनुकुलनता र त्यसले पारेका नकारात्मक प्रभाव न्यूनिकरणको लागि जिविसहरुलाई सचेत गर्न दिइने अनुशिक्षण कार्यक्रमको प्याकेज निर्माण गर्ने र अनुशिक्षण दिने | जिविसहरु | | | | | | | | प्राकृतिक श्रोत, उर्जा तथा वातावरण इकाइ | |
| | सीमान्तकृत महिलाहरुलाई स्थानीय लोकतन्त्र तथा शासनमा सहभागीता बढाउन लक्षित कार्यक्रम संचालन गर्न परियोजना दस्तावेज तयार गरी दातृ निकायहरु समक्ष पेश गर्ने | जिविस तथा सीमान्तकृत समुदायहरु | | | | | | | | लैगिक समता तथा सामाजिक समावेशीकरणा विभाग | |
| | जिविसहरुको श्रोत परिचालनहरु सम्बन्धी समस्या र समाधानको बिषयमा अन्तरक्रिया गर्ने | जिविसहरु | | | | | | | | बित्तीय विकेन्द्रिकरण विभाग | |
| | न्युनतम शर्त र कार्य सम्पादन मूल्यांकन प्रणाली र सूचकहरुको बिषयमा जिविसहरुसँग अन्तरक्रिया गर्ने | जिविसहरु | | | | | | | | बित्तीय विकेन्द्रिकरण विभाग | |